# अध्याय-एक

# शोध परिचय

## १.१. पृष्ठभूमि :

नेपाली एक सानो मुलुक भएर पनि भाषा, धर्म, जातजाति र संस्कृतिको दृष्टिकोणले आफैमा यथेष्ट धनी देश हो । नेपाल सानो देश भएपनि विभिन्न जातजाति भाषाभाषी र बहुसाँस्कृतिक, बहुधार्मिक देश हो । आफैमा पहिचान दिलाउने सिङ्गो राष्ट्र हो । हाम्रो देशमा सामुदायिक वा सरकारी र निजी दुई खाले विद्यालयहरू छन् । सरकारी वा सामुदायिक विद्यालयहरूमा कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली पाठ्यपुस्तक अध्ययन अध्यापन हुँदै आएको छ ।

प्रस्तुत अनुसन्धानको समस्या कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली विचको तुलनात्मक अध्ययन रहेको हुनाले सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकको वारेमा चर्चा गर्नु आवश्यक देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक बीच नङ्ग र मासु बीचको घनिष्ट सम्वन्ध हुने गर्दछ । पाठ्यक्रम र पाठ्यपुस्तक एउटै सिक्काको दुई पाटा हो । पाठ्यक्रम सैद्धान्तिक पक्ष हो भने पाठ्यपुस्तक व्यवहारिक पक्ष हो । सान्दर्भिक पाठ्यक्रम विना असल पाठ्यपुस्तकले खोजेका/राखेका लक्ष्य प्राप्त गर्न सक्दैन । पाठ्यपुस्तक पनि पाठ्यक्रमको अभावमा पुस्तक मात्र वन्न जान्छ । तसर्थ यो दुबै बीच अभिन्न भेद छन् ।

कुनै पनि तहको पाठ्यपुस्तक त्यस तहको पाठ्यक्रमको आधारमा निर्माण गरिएको हुन्छ । पाठ्यक्रमले पाठ्पुस्तक लेखक/सम्पादकलाई त्यस भित्र राखिने सामग्री वारे निर्देशित गरेको हुन्छ । त्यसै आधारमा पाठ्यपुस्तकमा पाठ्हरू समावेश गरिएको हुन्छ । पाठ्यक्रम एउटा लक्ष्य सम्म पुग्ने गारेटो हो भने पाठ्यपुस्तक लक्ष्य पूर्ति गर्ने सामग्री हो । तसर्थ पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तकको अध्ययन आवश्यक ठानिन्छ ।

भाषा पाठ्यपुस्तक अध्ययन गर्दा पाठ्यक्रम अनुरूपताको स्थितिलाई केलाउनु पर्ने हुन्छ । तसर्थ पाठ्यक्रम अनुसार पाठ्यपुस्तकमा पाठ्हरू राखेर मात्र विद्यार्थीहरूलाई निश्चित मार्गदर्शन गर्न सकिन्छ । देशको राष्ट्रिय आवश्यकता अनुरूप पाठ्यक्रम निर्धारण गरिन्छ भने पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्धारण गरिन्छ ।

यस अध्ययनमा माध्यमिक तह कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका विद्या, क्षेत्र, क्रम र पाठ्हरू पाठ्यक्रम अनुरुप छन्/छैनन् भनी हो खोजिएको छ ।

## १.२. समस्या कथन

नेपाली विषयलाई सशक्त बनाउनका निम्ति एम.एड. दोस्रो वर्षका नेपाली विषयका विद्यार्थीहरू नेपाली विषयमा गर्नुपर्ने अनुसन्धान अन्तर्गत कक्षा नौं को नयाँ नेपलाी र पुरानो नेपाली भाषा पाठ्यपुस्तकको विचको तुलनात्मक अध्ययन गरिएको छ ।

क) कक्षा नौं को नयाँ र पुरानो नेपाली पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप विद्यार्थीको स्तर, उमेर, रूचि आवश्यकता अनुसार निर्माण भएको छ ?

ख) कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली भाषा पाठ्यपुस्तकको निर्माण श्रेणीवद्ध तरिका अर्थात् सरलबाट जटिलको सिद्धान्तमा निर्माण भएको छ ?

ग) ती नयाँ नेपाली र पुरानो नेपाली पाठ्यपुस्तकमा के समानता र असमानता विधा विवरण, प्रस्तुतिकरणको कस्ता छन् ?

घ) पाठ्क विषयवस्तुका आधारमा व्याकरण सिक्न अभिप्रेरित गर्ने उद्देश्यले व्याकरण शिक्षणका उदाहरण र अभ्यास पाठ्मा समावेश गरिएको छ ?

## १.३. अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्नको पछाडि त्यसको उद्देश्य पनि सँग सँगै गाँसिएको हुन्छ । सोही अनुरूप यस शोधपत्रको लागि छनोट गरिएका शीर्षकको लागि निम्नलिखित उद्देश्य रहेका छन् :

क) कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली पाठ्यपुस्तकका पाठ्यक्रम अनुरूपताका आधारमा तुलना गर्नु ।

ख) कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली पाठ्यपुस्तकको श्रेणीबद्ध तरिकाको दृष्टिले तुलना गर्नु ।

ग) पाठ्यपुस्तकमा विधा, वितरण र प्रस्तुतिकरण दृष्टिले तुलना गर्नु ।

घ) नयाँ नेपाली पाठ्यपुस्तक र पुरानो नेपाली पाठ्यपुस्तकमा राखिएका पाठहरूमा अभ्यास, व्याकरणको तुलना गर्नु ।

## १.४ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्रका सीमाहरू निम्नानुसार रहेका छन्

क) पाठ्यक्रममा कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको छ ।

ख) पुस्तकालयीय अध्ययन विविध मार्फत अध्ययन गरिएको छ ।

ग) अध्ययनकै क्रममा विषयविज्ञ र शिक्षकसँग विषयवस्तुमा रही समस्या समाधान विधि मार्फत छलफल गरिएको छ ।

## १.५. अध्ययन अनुसन्धानको सान्दर्भिकता

माध्यमिक पाठ्यक्रम कक्षा (९-१०) को नयाँ नेपाली (२०७१) र पुरानो नेपाली कक्षा नौं को २०६४ को विचमा अध्ययन तुलना शोधकार्यमा गरिएको छ । नयाँ पाठ्यक्रम नेपाली (२०७१) मा विषयसूची, क्रमसंख्या, पेज छ तर विद्या छैन् । पुरानोमा सवैछ । नयाँमा कविको जीवनीकार, निवन्धकारको परिचय नभएको कितावको वन्धाइ, कागजको स्तर गुणस्तरहिन भएको लम्वाई, चौडाई, त्यत्ति उपयुक्त नदेखिएको । अभ्यासको क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सिर्जनात्मक लेखन, प्रयोगात्मक कार्य समेत दिइएको छ ।

## १.६. अध्ययनको औचित्य

मा.वि. तहको कक्षा नौं को नयाँ नेपाली पाठ्यपुस्तक अध्ययनका क्रममा तयार पारिएका अनिवार्य विषयका पाठ्यपुस्तकहरूमध्ये नेपाली विषयले पनि अनिवार्य विषय एक महत्वपूर्ण स्थान ओगट्न सफल छ । पाठ्यपुस्तकमा समाविष्ट कथा, कविता, निवन्ध, चिठी, जीवनी, प्रवन्ध, वक्तृता, दैनिकी, लोककथा निवेदन एकाङ्की वादविवाद र व्याकरणको आ-आफ्नै छुट्टै महत्व कक्षा (९-१०) मा प्रवेश गर्नका लागि निर्माण गरिएको आवश्यक श्रृङखलाहरू हुन ।

यो शोधपत्र तयार पारिसकेपछि कुनकुन कार्यमा कसलाई कसरी सहयोग र उपयोगी वन्न सक्नेछ भन्ने कुराको विवरण वुँदागत रूपमा तल उल्लेख गरिएको छ । वुँदागत रूपमा तल उल्लेख गरिएको छ ।

क) पाठ्यक्रम निर्माण

ख)	लेखक, भाषाविज्ञ, भाषाशिक्षक, भाषाका विद्यार्थी, शोधार्थी र भाषा पाठ्यक्रम निर्माण,

ग)	पाठ्यपुस्तकलाई परिमार्जित र त्रुटिरहित वनाउन,

घ)	नेपाली भाषा पाठ्यपुस्तकको शैक्षणिक र मनोवैज्ञानिक आधारमा विश्लेषण गर्न ।

## १.७. अध्ययनको रूपरेखा :

शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकताअुनसार विभिन्न अध्याय किटान गर्नुपर्ने हुन्छ । सोही अनुरूप यहाँ शोधपत्रको रूपरेखा तयार पारिएको छ ।

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : उपसंहार, सुझाव र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय-दुई

# पूर्व कार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

कुनै पनि कार्य गर्नुभन्दा पहिला भए गरेका कार्यको समीक्षा गर्नुलाई नै पूर्वकार्यको समीक्षा भनिन्छ । यस्ता समीक्षा कार्यहरूले गर्ने कार्यमा मद्दत पुऱ्याउँछ । भाषा सिकाइमा भाषा पाठ्यपुस्तकको मुख्य स्थान छ । भाषा पाठ्यपुस्तकले भाषिक सिपहरूमाथि जोड दिइएको हुन्छ । पाठ्यपुस्तक शिक्षण क्रियाकलयापहरूको मुख्य आधार हो । त्यस कारण पाठ्यपुस्तकको निर्माण र छनोटमा ध्यान पुऱ्याउँनु आवश्यक छ । प्राथमिक विद्यालय तहको मात्र होइन सिङ्गो शिक्षण प्रक्रिया र तहकै जगको रूपमा रहेका छन् । जगलाई बलियो बनाएर मात्र माथिल्लो तह बलियो हुन्छ । जग बलियो त घर बलियो भन्ने उखानै छ ? त्यसैले यस माध्यमिक तहमा भाषा शिक्षण गर्दा के कस्ता र कति शब्दहरू स्तरण गरेमा पाठ्यपुस्तकका उद्देश्यकहरू पूरा हुन सक्दछन् ? विद्यार्थीको रूचि, क्षमता र सारअनुकूल हुन्छन् ? भाषिक रूचि विकासका लागि कुन-कुन विधिहरू उपयोग गर्न सकिन्छ । कुन-कुन विधा मार्फत् के कस्ता पाठ्यपुस्तकको शिक्षण गर्न तथा अभ्यास गर्न सकिन्छ ? पुस्तकमा सम्पादन गर्दा कस्तो रखाइ संयोजन गर्नुपर्दछ । आदि जस्ता प्रश्नहरू पनि पाठ्यकम निर्माण र पाठ्यपुस्तक लेखक तथा प्रयोगकर्ताहरूले ध्यान दिनुपर्ने हुन्छ । यसरी पाठ्यपुस्तकमा शब्द, विधा, भाषिक, सिपका अभ्यासहरू, पठनवोधका अभ्यासहरू, विषयवस्तु प्रस्तुति, चित्र, भाषिक, सिप र संरचना बाहृय अर्थात् भौतिक पक्ष समेतको सन्तुलित संयोजनमा ध्यान दिइन्छ । त्यस्तै पाठ्यकमको मर्म तथा भावना, उद्देश्य, विषय तथा समय निर्माणका दृष्टिकोणले पाठ्यपुस्तक निर्देशित र अनुकूल बनाइन्छ । पूर्वमा भएका कार्यहरूको समीक्षा यस प्रकारले गरिएका छन् :-

डा. रस्तोगी (१९७८) ले त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र र Basic Pramary Education Project Plan (1991-2000) मार्फत् भएको अध्ययनका पाठ्यपुस्तक र तिनको प्रभावकारिता रहेको पाइन्छ ।

डा. अधिकारी (२०४४) द्वारा शिक्षा विकास तथा अनुसन्धान केन्द्र ९ऋभ्च्क्भ्० मा रहेर शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्व माध्यमिक तहको पाठ्यकम तथा पाठ्यपुस्तक विश्लेषण शीर्षक नेपाली भाषा कक्षा-९ (नौ) को नयाँ नेपाली किताव र यसै कक्षाका पुरानो नेपाली किताव (२०६५) को बिचमा तुलनात्मक अध्ययन भएको छ कि छैन

। यसमा वर्णात्मक, तुलनात्मक र पुस्तकालीय विधिद्वारा अध्ययन गरिएको छ । यी दुई कितावको तुलनात्मक अध्ययनमा विषयवस्तुगत प्रस्तुति स्तरगत कमजोरी, शब्दभण्डार र धारणा पक्षमा असङ्गति देखिएको छ ।

खनालले २०४९ मा कक्षा ४ को 'मेरो नेपाली किताव र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन गरेको पक्षमा विश्लेषण भएको छ । यसमा तुलनात्मक सोधनी, पुस्तकालीय विधिद्वारा अध्ययन गरेको छ । जसमा विधागत पाठहरूको रखाइ क्रम, सजिलो नेपाली माला' मा राम्रो देखिएको पाइन्छ । समग्र रूपमा सजिलो नेपालीभन्दा मेरो नेपाली किताव राम्रो देखिएको कुरा निष्कर्षतः दिइएको छ ।

B.P.EP. को Master Plan (1991-2000) को Text Book and Materials शीर्षकमा नेपाली भाषा पाठ्यपुस्तकको समीक्षा नयाँ शब्द, अमूर्त, अप्रचलित शब्दहरू र पाठ्यस्तर अनुकूल नभएको औल्याएको छ । (गौतम, २०५७) ।

आचार्य २०५९ मा कक्षा-१ र २ को 'मेरो नेपाली किताव र सजिलो नेपाली माला' को तुलनात्मक अध्ययन गरेको छन् । यसमा तुलनात्मक, पुस्तकालीय, वर्णात्मक विधिद्वारा अध्ययन गरिएको छ । जस अनुसार सजिलो नेपाली मालामा शब्दभण्डार, अभ्यास, चित्र र विधिको रखाइको क्रम लगभग ठीकै रहेको पाइन्छ । नयाँ नेपाली ऋङ्खलामा वाक्य गठनमा खासै र ख्याल नपुऱ्याई विषयवस्तुको संयोजन नमूना अभ्यासमा पृथकता भएको देखिन्छ ।

अधिकारी (२०६०) कक्षा-२ को 'नेपाली किताव' नयाँ ऋङ्खला र सजिलो नेपाली मालामा उपर्युक्त शब्दभण्डारको तुलनात्मक अध्ययन जस्ता अध्ययनहरू पाठ्यपुस्तकमा समाविष्ट कथा, निवन्ध, जीवनी, शब्दभण्डार, नमुनाअभ्यास जस्ता पक्षसँग सम्बन्धित छन् । यसमा तुलनात्मक, बर्णात्मक, ग्रन्थ विधिद्वारा अभ्यास गरेको छ । पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपता, पाठ्यपुस्तकीय गुणसँग तुलना पाठ्यपुस्तकहरू बिचको समानता र असमानता सबल दुर्बल पक्षका सुधार गर्नुपर्ने कुरामा जोडदिई अध्ययन गरेको पाइन्छ । (२०६१-२०६२) सम्प्रेषण ।

अधिकारी, २०६३ मा महेन्द्रमाला (९-१०) २०५३ र नेपाली २०६२ का पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरेको पाइन्छ । यसमा तुलनात्मक, वर्णात्मक, ग्रन्थविधिद्वारा अध्ययन गरेको छ । दुबै पाठ्यपुस्तकमा समाविष्ट कथा, निवन्ध, जीवनी, शब्दभण्डार नमूनाअभ्यास जस्ता पक्षसँग सम्बन्धित छन् । पाठ्यपुस्तकको पाठ्यक्रम

अनुरूपता पाठ्यपुस्तकीय गुणसँग तुलना पाठ्यपुस्तकहरूमा भएका दुर्बल पक्षका सुधार गर्नुपर्ने पक्षमा जोड दिइ अध्ययन गरेको पाइन्छ ।

लोप्चन (२०६४) 'मेरो नेपाली कक्षा-१ र घ्याङ्ला ग्योत गीक्छ १' को तुलनात्मक अध्ययन गरेको छ ।

यो अध्ययन विधा पाठ्यक्रम, अनुरूपता र पाठ्यपुस्तकको आन्तरिक र वाह्रय पक्षको तुलना गरेका छन् । विधागत प्रस्तुति, नयाँ नेपाली किताबमा विधागत प्रस्तुति थप्नुपर्ने, आवरण पृष्ठको लागि चिल्लो बलियो र आकर्षण कागज प्रयोग गर्नुपर्ने र घ्याङ्ला ग्योत गीक्छ को भित्री पृष्ठको कागज गुणस्तरीय दिनुपर्ने जस्ता त्रृटि फेला पारेका छन् ।

मण्डल, रामदेव (२०६५), कक्षा ५ को 'मेरो नेपाली किताव' र 'हमर मैथिली पोथी' बिचको तुलनात्मक अध्ययनमा सरकारी विद्यालयमा लागु भएको पाठ्यपुस्तक स्तर अनुकूल देखिन्छ तर हमर मैथिली पोथीमा स्तरीयताको कमी भान हुन्छ ।छ

कुमारी, गुलाब २०६५ कक्षा तीनको मेरो नेपाली किताव र हमर मैथली पोथी बिचको तुलनात्मक अध्ययन गरेका छन् । यसमा तुलनात्मक, वर्णात्मक, ग्रन्थ विधिद्वारा अध्ययन गरेको छ । पाठ्यक्रमले निर्देशन गरे भन्दा बढी शब्दको प्रयोग चित्रहरू श्यामश्वत भएको विधागत संख्या नदिएका जस्ता कमजोरीहरू छन् ।

उपर्युक्त सर्वेक्षण अनुसार कक्षा-९ (नौं) को हालको नयाँ नेपाली किताव र पुनारो नेपाली किताव बिचमा तुलनात्मक अध्ययन भएको देखिदैन । त्यसकारण यस शोधमा उपर्युक्त दुबै पाठ्यपुस्तकहरू पाठ्यक्रम अनुरूप निर्माण भएका छन् वा छैनन् । यिनीहरूको बिचमा के-कस्ता समान र असमान पक्षहरू कोट्याई निष्कषएमा पुगेको प्रयास गरिएको छ ।

## २.१. भाषा पाठ्यपुस्तको परिचय :

पाठ्यपुस्तक शब्दको शाब्दिक अर्थ भन्नु पर्दा र यसलाई शाब्दिक अर्थका रूपमा हेर्दा पाठ्यपुस्तक दुई शब्द मिलेर बनेको पाइन्छ । पाठ्यको अर्थ विषयवस्तुको वर्णन र पुस्तकको अर्थ ग्रन्थ वा किताव हो । यसलाई अर्थमा लिँदा पाठ्यपुस्तक शैक्षणिकलक्ष्य परिपूर्ति गर्नका लागि तयार पारिएको आधार सामग्री हो । पाठ्यपुस्तक भनेको कुनै खास विषयमा लेखिएको मुद्रित आधार सामग्री हो । जसलाई मुद्रित शिक्षक सामग्री पनि भन्ने गरिन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ आदि हुन्छन् । कुनै पनि तहको औपचारिक अध्ययनको प्रमुख साधन पाठ्यक्रम भएकोले पाठ्यक्रममा समावेश

गरिएका विषयवस्तुमा आधारित सामग्रीको लिखित संरचना तयार गरी पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यपुस्तक निर्माण गर्ने क्रममा विद्यार्थीहरूको क्षमता, उपलब्ध शैक्षिक सामग्री, प्रयोग गर्न सकिने शिक्षण विधि मनौवैज्ञानिक पक्षमाथि विचार पुऱ्याई पाठ्यपुस्तक तयार गरिएको हुन्छ । पाठ्यक्रम  शैक्षिक क्रियाकलापको योजना हो भन्ने पाठ्यपुस्तक पाठ्यक्रम को उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउने महत्वपूर्ण साधान हो । यो शिक्षक र विद्यार्थीदुबैको लागि अति उपयोगी साधन हो ।

शिक्षण सिकाइ क्रियाकलापका लागि भाषा पाठ्यपुस्तकलाई एक महत्वपूर्ण साधनको रूपमा लिइनु यसको सहयताले शिक्षकलाई कक्षाकोठामा विद्यार्थीहरूलाई भाषिक सिप सिकाउन सजिलो हुनुको साथै यसले वालकको शारीरिक, वौद्धिक एवम् मानसिक विकास गराई एउटा कुशल र दक्ष नागरिक तयार गर्नु शिक्षाको मूलभूत उद्देश्य हो । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, क्षेत्र, अङ्क विभाजन जस्ता पक्षहरूवारे निर्देशित गरिएको हुन्छ । उक्त उद्देश्य पूरा गर्नका लागि पाठ्यक्रम  अनुरूप पाठ्यपुस्तक तयार गरिएको हुन्छ ।

भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य पूरा गर्नका लागि तयार पारिएको प्रमुख साधन हो । भाषिक सिपहरूको अभ्यास गराउन सहयोग पुग्ने गरी भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । प्रायः भाषा पाठ्यपुस्तकमा सम्वन्धित विषयको ज्ञान दिनको साथै भाषिक सिप विकासका लागि समेत मद्दत/सहयोग पुग्ने खालका सामग्रीको संयोजन गरिन्छ । त्यसैले भाषा पाठ्यपुस्तकलाई भाषिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको आधिकारिक सामग्री    ने भन्न सकिन्छ । शिक्षण क्रियाकलापलाई सु-व्यवस्थित मर्यादित ढङ्गले संचालन गर्न भाषा पाठ्यपुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । भाषा पाठ्यपुस्तक शिक्षण कार्यकलापको एक अङ्ग हो । हाम्रो जस्तो बहुभाषिक, बहुधार्मिक र विपन्न तथा भौगोलिक विकटता भएको देशमा यसको अझ महत्वपूर्ण स्थान ओगट्न सफल देखिन्छ । स्तरयुक्त पठन पाठ्नका लागि उपयुक्त पाठ्यक्रम  तदअनुरूपको पाठ्यपुस्तक प्रशिक्षित दक्ष शिक्षक र चुस्त एवम् दुरूस्त व्यवस्थापनको आबश्यकता पर्दछ । यो विभिन्न पक्षहरूमध्ये खास गरी अविकसित मुलुकहरूमा कक्षाकोठामा सम्पूर्ण कार्यकलापलाई भाषा पाठ्यपुस्तकमा केन्द्रित गर्ने प्रचलन छ । यो क्षेत्रमा प्रायः सवै शिक्षकका लागि पाठ्यपुस्तक मात्र कक्षाकोठामा प्रस्तुत गरिने पत्यारिलो सामग्री र विद्यार्थीका लागि गृहिकार्य गर्ने एकमात्र माध्यम हो । अतः विद्यार्थीहरूको मानसिक

संवेगात्मक एवम् वौद्धिक पक्षका साथै उनीहरूको रूचि, उमेर आवश्यकता तथा सिकाइको स्तरलाई ख्यालगरी तयार पारिएका यस्ता पाठ्यपुस्तक उनीहरूलाई पढन, अभ्यास गर्न गृहिकार्य गर्न कक्षा कार्यकलाप गर्न समेत विशेष उपयोगी हुन्छन् । भाषा पाठ्यपुस्तकका सम्वन्धमा विभिन्न विद्धानहरूले आफ्ना फरक फरक मत/विचार राखेका छन् । जसमध्ये केही विद्धानको विचारलाई निम्नानुसार अगाडि सार्न सकिन्छ ।

१) इन्साइक्लोपडिया, अमेरिकनमा (२६ मे. १९७६:५६३) पाठ्यपुस्तकमा के पढाउने भन्ने कुरा मात्र उल्लेख नगरी यसको शिक्षण प्रक्रियासमेत उल्लेख गरी सिकाइ प्रयोजनका लागि तयार गरिएको एक महत्वपूर्ण स्रोत सामग्री हो भनिएको छ । (फुँयाल, २०६६:८)

२) बृहत नेपाली शब्दकोशले विद्यालय एवम् विद्यार्थीहरूले औपचारिक तवरले पढ्न पर्ने पुस्तक नै पाठ्यपुस्तक हो भनिएको छ । (पोखेल र अन्य, २०४०:२१)

३) वेकन हयारिसको भनाईलाई उदधृत गर्दै पाठ्यक्रम वारे यस्तो विचार प्रस्तुत गरेका छन् - विशेषज्ञद्धारा सम्वन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू सँगालो सतर्कतापूर्वक तयार पारिएको कक्षाकोठामा प्रयोग हुने सामग्री नै पाठ्यपुस्तक हो (शर्मा र पौडेल, २०६०:३४०)

४) प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले पाठ्यपुस्तकलाई पाठ्यविषयवस्तु सङ्कलन गरिएको कक्षामा पढनु पर्ने पाठ्य सामग्रीका रूपमा अर्थ्याएको छ । (अधिकारी, २०६१:६०७)

५) बेव्सटर्स वल्ड डिक्सनरी, २०७२: १४७२ मा कुनै विषयमा सिद्धान्तहरूमा शिक्षण प्रदान गर्ने खास गरी आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तकनै पाठ्यपुस्तक हो भन्ने अवधारणा पाइन्छ (फुँयाल, २०६६:८) ।

उपयुक्त कोश, विश्वकोश तथा विद्धानहरूका परिभाषाका आधारमा भाषा पाठ्यपुस्तक भनेको पाठ्यपुस्तकले निर्धारित गरेका उद्देश्य पूर्तीका लागि सामग्री सङ्कलन गरी विशेषज्ञद्धारा तयार पारिएको पाठ्यपुस्तक नै भाषापाठ्य पुस्तक हो र यो औपचारिक एवम् अनौपचारिक दुबै किसिमका शिक्षाका लागि आवश्यक हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ र साथै भाषा पाठ्यपुस्तकले सम्वन्धित ज्ञान दिनाको साथै भाषिक सिप विकास गराउने लक्ष्य समेत राखेको हुन्छ । शिक्षकलाई पढाउन, विद्यार्थीहरूलाई पढ्न गृहकार्य गर्न,

अन्य खोजमूलक तथा सिर्जनात्मक कार्य गर्न पाठ्यपुस्तकले सघाउ/सहयोग पुऱ्याउँछ । पाठ्यपुस्तकले विषयवस्तुको ज्ञान भाषिक सिप र व्याकरणको आधारभूत सामग्री समेत व्यवस्था गरिएको समन्वयात्मक रूप हो । भाषा पाठ्यपुस्तकमा भाषा साध्य र साधन दुबै हो । पाठ्यपुस्तकमा साहित्य र साहित्यतेर दुबै किसिमका सामग्री संयोजन गरिएको पाइन्छ । भाषा पाठ्यपुस्तकमा विषयवस्तु, भाषिक संरचना तथा शैलिका दृष्टिले विविधता र नविनता हुनुपर्दछ । पाठ्यसामग्रीहरू विद्यार्थीको मौलिक र सिर्जनात्मक क्षमताको विकास गर्ने दृष्टिले राखिएको हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा भाषाका चार सिप र सुनाइ, बोलाइ पढाइ र लेखाइको विकास गराई भाषिक व्यवहारमा/कुशलतामा सक्षम बनाउन तयार पारिएको पाठ्यसामग्री हो । पाठ्यपुस्तकले शिक्षकलाई भाषा पढाउन र विद्यार्थीलाई भाषा सिक्न सघाउ पुऱ्याउँछ । साथै शिक्षकको अभावमा समेत विद्यार्थी स्वयम्ले स्वअध्ययन गरी भाषा सिक्नमा सघाउ/सहयोग पुऱ्याउँछ । व्यक्ति मात्र नभएर कक्षा कार्यकलाप देखि घरमा गृहिकार्य गर्न तथा भाषाका माध्यमवाट ज्ञान र सिप आर्जन गर्न समेत भाषा पाठ्यपुस्तकले सघाउ पुऱ्याउँदछ ।

## २.२. उद्देश्य र पाठहरू

शिक्षालाई जीवनउपयोगी वनाई भाषिक सिप प्राप्त गर्ने दिशामा सक्षम र सिर्जनशील जनशक्ति तयार गर्ने उद्देश्य राखी पाठ्यक्रम निर्माण गर्ने र आवश्यकतानुसार त्यसको परिमार्जन गर्ने काम समयसमयमा भैरहेको पाइन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ अनुसार २०५० सालमा निर्माणभई लागू भैरहेका विद्यालय तहका पाठ्यक्रमलाई समाजको आवश्यकता एवं परिवर्तित राष्ट्रिय सन्दर्भका सापेक्षतामा समसामायिक परिवर्तन गर्नु उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनले सिफारिस गरेअनुसार राष्ट्र प्रजातन्त्र प्रति आस्थावान, सामाजिक र प्राकृति वातावरणप्रति भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृति भएका स्वास्थ्य स्वावलम्वी एवम् विद्यालयको शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहमा वाँडिएको छ । त्यस मध्ये माध्यमिक शिक्षाका उद्देश्यहरू यस प्रकार रहेका छन् ।

माध्यमिक शिक्षा आत्म विश्वासी, लोकतान्त्रिक आचरण भएका, जिम्मेवार एवम् जवाफदेही, नैतिकवान तथा इमान्दार, काम तथा पेशाप्रति प्रतिवद्ध, आत्मनिर्भर, सिर्जनशील, आधुनिकज्ञान, विज्ञान तथा विधियुक्त र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न

सक्षम गुणस्तरीय, जनशक्ति विकासमा सहयोगी हुनुपर्दछ । यसले राष्ट्रिय एकता, बहु साँस्कृतिक मूल्य मान्यता विविधता, राष्ट्रिय आदर्शप्रति गौरव गर्न सक्ने सिपमूलक र तालिम प्राप्त जनशक्ति तयार गर्नु पर्छ । यस्तो जनशक्ति शान्ति, मानव अधिकार, दिगो विकास, पर्यावरणीय सन्तुलन र द्वन्द तथा विपत् व्यवस्थापनप्रति सचेत र जिम्मेवार नागरिकका रूपमा परिचित हुनु पर्दछ । व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय जनजीवनमा आइपर्ने समस्या सामाधान गर्न, अरूको विचार तथा भावनाको कदर गर्न, विविध प्रकारका श्रम तथा पेशाप्रति सकारात्मक सोच राख्न, समालोचनात्मक सोचको विकास तथा अभ्यास गर्न र विश्लेषणात्मक सिपको विकास र उपयोग गर्न सक्षम नागरिक तयार गर्न सहयोग गर्नु माध्यमिक शिक्षाको उद्देश्य रहेको छ । यी उद्देश्यहरू अनुसार नै उक्त पाठ्यपुस्तकको तयार भएको देखिन्छ ।

### क) सुनाइ र बोलाइ

माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०) २०७१ को सुनाइ र बोलाइ सिपका उद्देश्यहरूलाई यस अन्तर्गत राखिएका छन् ।

१. शब्द र वाक्यहरूमा प्रयुक्त स्वर र व्यञ्जन वर्णहरू पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न

२. मातृभाषा र विभिन्न भाषा भाषीको सन्दर्भलाई समेत ख्याल गरी उपयुर्क्त उच्चारण गर्न

३. गति र लय ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न,

४. मौखिक अभिव्यक्रिमा व्यक्त भएका मुख्य विचारहरू पहिचान गर्ने गरी सुन्न

५. साहित्यक विधा, पाठ् तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न

६. साहित्यिक विधा, संचार माध्यम, विभिन्न पाठ् र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न

७. साहित्यिक विदाका पाठ् सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न

८. वक्तृता, संवाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न

९. देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न,

१०. स्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथ परिवेश अनुसार विचार प्रस्तुत गर्न,

११. गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठ्को अभिप्रायको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्त गर्न

१२. समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न

१३. आफूले भन्न चाहेका कुराहरूलाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न

१४. कुनै पाठ् सुनी त्यसको मूल विषयका वारेमा अनुमान गर्न

१५. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको सम्प्रेषणात्मक प्रकार्यका आधारमा अर्थवोध गर्न सक्ने गरी प्रतिक्रिया दिन

१६. प्रसङ्ग सन्दर्भ अनुसार उरवान टुक्काको प्रयोग गर्न ।

यस पाठ्यक्रमले सुनाइ र बोलाइका लागि १६ ओटा उद्देश्यहरू निर्धारण गरेको छ । पहिलो पाठ्यक्रमभन्दा यसले ज्यादै उल्लेखनीय रूपमा सवै सिपमा समान रूपमा जोड दिने प्रयास गरेको छ । यसमा सुनाइ र वोलाइ सिपको परीक्षण भाषाका एकाइहरूलाई आधार बनाएर गरिएवाट निकै राम्रो देखिएको छ । १७ वटा उद्देश्यहरू माध्यमिक तहको कक्षा (९-१०) को पाठ्यक्रम २०७१ मा निर्माण भएको र यसको विशिष्ट उद्देश्य अन्तर्गतको सुनाइ बोलाइका सिपका उद्देश्यहरूमा समावेश गरिएका छन् ।

भाषिक सिप अन्तर्गत सुनाइ सिपले विभिन्न कार्यक्रमहरू वाचन, नाटक, वादविवाद सुनेर व्यक्त गर्ने सामान्य र आवश्यगत अर्थको भिन्नता सुनेर प्रतिक्रिया व्यक्त गर्न वातावरणमा हुने कुराकानी र छलफल सुनेर प्रतिक्रिया देखाउन तथा समूहका काम गर्न, दिइएका निर्देशनहरू वुझन पालन गर्न सक्ने उद्देश्य राखिएको छ । बोलाइ सिप अन्तर्गत स्वाभाविक ढङ्गले धाराप्रवाह वोल्न थाहा पाएका घटना, चित्र र वस्तुका वारेमा वर्णन गर्न, वातावरण घटना र अनुभवको आधारमा प्रश्नोत्तर वर्णन र छलफल गर्न, नाटक र वादविवादमा वोल्न र औपचारिक उदघोषण गर्न सक्ने तथा उखान टुक्काहरूको प्रयोग गरी वोल्न, अभिवादन आभार र क्षमा व्यक्त गरी शिष्ट रूपमा वोल्न सक्ने उद्देश्य राखिएको छ । कक्षाकोठामा हुने शिक्षण क्रियाकलाप सुनाइ, बोलाइ सिप सँग सम्वन्धित देखिन्छ ।

२०७१ को माध्यमिक तहको पाठ्यक्रम कक्षा (९-१०) मा बोलाइ सिप अन्तर्गत अच्चारित ध्वनिहरूको पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न शब्दहरूको शुद्ध र स्पष्ट

उच्चारण गर्न, अरूले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न, आफूले देखे सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न, साहित्यिक विद्याका पाठ्हरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन, मौखक अभिव्यक्ति सुन्ने कममा प्रयुक्त हाउभाउ चेष्टा, अभिनय आदिको ख्याल गर्न, कुराकानी, प्रश्नोत्तर, सम्वाद, वादविवाद छलफल जस्तो मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन, भन्न चाहेका कुरालाई शिष्टत भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्ने जस्ता १६ वटा उद्देश्यहरू राखिएका छन् । सुनाइ बोलाइ सिप विकास गर्ने उद्देश्यले पाठ्यपुस्तकमा माध्यमिक तहको विद्यागत कम तालिकालाई हेर्दा पहिलो भन्दा विस्तृत वैज्ञानिक र व्यापक वनाइएको छन । यसमा जम्मा सात ओटा विद्याहरूमा समग्र विषयवस्तुलाई समेटिएको छ । कथा, कविता, निवन्ध, जीवनी, रूपक, दैनिकी र चिठी सात ओटा विद्यामा १६ ओटा पाठ्मा सवै विद्याहरू समेटिएका छन् । विभिन्न विद्याका विभिन्न क्षेत्रहरूलाई समेटेर पाठ्हरूको छनोट गर्ने निर्देश पाठ्यकमले गरेको छ ।

समग्रमा हेर्दा पाठ्यकमको क्षेत्र तथा कमसँगै पाठ्यकम विस्तृतीकरणको पनि स्पष्ट उल्लेख गरिएको छ । विधा क्षेत्र र वोध अभिव्यक्ति खण्ड दिई विद्या शिक्षणको लागि शिक्षण सामग्रीको स्रोत पहिचान गर्ने विधि छनोट गर्न, मूल्याङ्कन गर्ने आधार प्रदान गर्न, विद्या संख्या व्याकरणको पहिचान गरी शिक्षण गर्न शब्द भण्डारको वृद्धि गर्न र उद्देश्य छनोट गर्न समेत आधार प्रदान गरेकाले यस खण्डले विस्तुतीकरणको काम गरेको छ ।

लोककथा, कविता, निवन्ध, जीवनी, रूपक, दैनिकी र चिठी ७ वटा विद्यामा १६ वटा पाठ्मा सवै विद्याहरूलाई समेटिएका छन् । आदिवाट आनन्द लिनेगरी सुन्न, वोल्न, संवाद गर्न, छलफल, वक्तृतामा ध्यान पूर्वक सुन्न र सोाही अुनसार अभिव्यक्ति दिनुपर्ने हुँदा सुनाई, बोलाइ सिपको लागि वढी उपयोगी हुने देखिन्छ । सोको लागि कक्षा नौं को पुरानो नेपाली कितावमा शिशिर वसन्तको कथा, खड्गबहादुर कथा, भविष्य निर्माण कथा, अनि नयाँ नेपाली कक्षा नौं मा कथा विद्या अन्तर्गत पाठ्यकमले निर्देशित गरेको चारओटा क्षेत्रहरू लोककथा, ऐतिहासिक कथा, बालमनौवैज्ञानिक कथा, सामाजिक कथाहनुसार अनारको बोट, निद्रा, डा. अंकल र बन्धनवाट मुक्ति जस्ता कथाहरूलाई समावेश गरिएको छ । पहिलो कथाको रूपमा अनारको वोट कथालाई पहिलो पाठ् सुरूमै कथा राखेर परम्परागत रूपमा कवितालाई पहिलो पाठ् राख्ने शैलीलाई तोडेको देखिन्छ । कथाको संरचनागत आकार वढी

भएका कारण असमनता जस्तो देखिएपनि रूचिपूर्ण कथा भएकोले र सरल बोधगम्यताका कारण राम्रै रहेको छ । त्यसैगरी दोश्रो निद्रा कथाले ऐतिहासिक कथाको क्षेत्रलाई समग्रमा ओगटेको भएपनि त्यति कथाको लम्वाइ लिन नसकेको स्थिति देखिन्छ । त्यसैगरी डा. अङ्कल कथाले रोचकता ल्याएपनि वर्णनात्मक कथा शैलीको कथन र आत्मगत कथा चिन्तनले केही विचलित भने रहेको देखिन्छ । वन्धनवाट मुक्ति कथालाई सामाजिक कथाको रूपमा चित्रण गरी जीवनमा लोभ मोहमा फस्न नहुने सन्देश दिदैं कथा श्रृङ्खलालाई जोड्ने प्रयास गरेको छ । जस्ता पाठ्हरू राखिएका छन् ।

त्यसैगरी कक्षा नौं को निवन्ध विद्यामा हाम्रो देश हाम्रा अतिथि, मौरी पालन वन विनाश रोकौं जस्ता राखिएका छन भन्ने कक्षा नौं कै नयाँ नेपालीमा पाठ्यपुस्तकमा निबन्ध अन्तर्गत सामाजिक र प्राविधिक/व्यवसायिण्क दुई क्षेत्रहरूलाई समावेश गरिएको छ । यी क्षेत्रहरूमा आधारित भई म को हुँ र जैविक खेती निबन्धहरू समावेश गरिएको छ । पहिलो निवन्धलाई अमूर्त शैलीमा प्रस्तुत गरेवाट यसमा केही कठिनता उत्पन्न भएको र जैविक खेती निवन्धमा पनि वाक्यात्मक संारचनाका केही जटिलता देखिन्छ । जस्ता पाठ्हरू रखिएका छन् ।

कक्षा नौं मा रूपक अन्तर्गत मानिस सवै एक हौं (संवाद) अपाङ्ता भएकाहरूप्रति हाम्रो दायित्य (वक्तृता) राखिएको छ भने दैनिकी अन्तर्गत उपत्यकामा चार दिन राखिएको छ । त्यस्तै जीवनी अन्तर्गत साहित्यकार पारिजात, भिमसने थापा, स्वामी विवेकानन्द, चार्ल्स डार्विन रहेका छन् । कक्षा नौं को नयाँ नेपाली पाठ्यपुस्तकमा रूपक विधा अन्तर्गत वक्तृता र संवादलाई प्रमुख मानिएको छ । मानव वेचविखन, विरूद्ध हाम्रो दायित्व पाठ्लाई वक्तृतामा र महिला हिंसालाई संवादको रूपमा राखिएको छ । त्यसैगरी दैनिकी विद्याअन्तर्गत मङ्गलाका तिन दिन पाठ्लाई समावेश गरिएको छ । जीवनी विधाअन्तर्गत राष्ट्रिय अन्तराष्ट्रिय दुई क्षेत्रलाई समेटी सङ्गीतकार रामशरण दर्नाल र आङसान सुकीलाई समावेश गरिएको छ । कविता विधा अन्तर्गत तिनओटा क्षेत्रहरूलाई समेटेको देखिन्छ । जसमा नीतिप्रधान संस्कृतिप्रधान, प्रकृति प्रधान, समाज प्रधान गरी तिन क्षेत्रमा विभाजन गरिएको छ । समग्र कितावको दोस्रो पाठ्को रूपमा यात्रा सुरू गरौ भन्ने कवितालाई लिएको छ । यस कविताले सन्देश राम्रो वोके पनि गध कविताको रूपमा रहेको कविता पढन गाह्रो हुने देखिन्छ । त्यसपछि वसन्त कोकिल कवि शिरोमणि लेखनाथ पौड्यालको कविता राखिएको छ । संस्कृत शब्दहरूको बाहुल्यताले कवितालाई कठिन वनाइएपनि पढ्न

भने सजिलै सकिने देखिन्छ । तेस्रो कविताको रूपमा झर्रा शब्दहरूको सरल प्रयोगले यसलाई बोधगम्यता भने तुल्याएको छ । यी विद्याको शिक्षणवाट विद्यार्थीहरूलाई सुनाइ, बोलाइ सिपको विकासमा मद्दत पुग्न सकिन्छ । यो पाठ्हरूमा केही मात्रामा अभ्यास राखिएता पनि प्रशस्त मात्रामा बोलाइ सिपको विकास हुने खालका मौखिक अभ्यासहरू जस्तै छलफल गर, वाचन गर, शुद्ध गर, संवाद रखाइ जस्ता प्रशस्त मात्रामा अभ्यास राखिएको छैन ।

कक्षा (९-१०) मा सुनाइ र बोलाइका लागि २५ प्रतिशत प्रयोगात्मक मूल्यांकन तथा ७५ प्रतिशत पढाइ र लेखाईको मूल्यांकनको व्यवस्था गरेको छ । सुनाइ र बोलाइ तथा पढाइ र लेखाइ परीक्षाको उतीर्णाक ४० प्रतिशत निर्धारण गरेको छ ।

## २.३. माध्यमिक शिक्षा पाठ्यक्रम पुरानो नेपाली २०६४ र कक्षा नौं को नयाँ नेपाली पाठ्यक्रम २०७१ को अध्ययन :

विद्यालयको शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा वाँडिएको छ । त्यस मध्ये माध्यमिक शिक्षा आत्मविश्वासी, लोकतान्त्रिक अचार भएका जिम्मेवार एवम् जवाफदेही, नैतिकवान तथा इमान्दार, काम तथा पेसाप्रति प्रतिवद्ध, आत्मर्निभर सिर्जनशील, आधुनिक ज्ञान, विज्ञान तथा प्रविधिले मुक्त र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम गुणस्तरीय जनशक्ति विकासमा सहयोगी हुनुपर्दछ । यसले राष्ट्रिय एकता वहु साँस्कृतिक मूल्य मान्यता, विविधता, राष्ट्रिय आदर्शप्रति गौरव गर्न सक्ने सिपमूलक र तालिम प्राप्त जनशक्ति तयार गर्नुपर्छ । यस्तो जनशक्ति शक्ति, मानवअधिकार, दिगो विकास, पर्यावरणीय सन्तुलन र द्वन्द तथा विपत व्यवस्थापन प्रति सचेत र जिम्मेवार नागरिकका रूपमा परिचित हुनुपर्दछ । व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय जनजीवनमा आइपर्ने समस्या सामाधान गर्न, अरूको विचार तथा भावनाको कदर गर्न, विविध प्रकारका श्रम तथा पेसाप्रति सकारात्मक सोच राख्न, समालोचनात्मक सोचको विकास तथा अभ्यास गर्न र विश्लेषणात्मक सिपको विकास र उपयोग गर्न सक्षम नागरिक तयार गर्न सहयोग गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । सोही अनुसार सुनाइ बोलाइ पढाइ लेखाइ जस्ता चारवटा भाषिक सिपहरू तय गरी छुट्टाछुट्टै उद्देश्यहरू पनि तयार गरेकाले ती सिप अनुसार विद्या उपविद्या वा पाठ् र अभ्यासहरू छन छैनन भनी केलाउने प्रयास गरिएको छ ।

## क) सुनाइ बोलाइ :

माध्यमिक शिक्षा तहको पाठ्यक्रम २०७१ ले सुनाइ र बोलाइ सिपको उद्देश्यहरूलाई एउटै ठाउँमा समावेश गरेको छ । सुनाइ बोलाइ सिप अन्तर्गत कक्षा नौं को नयाँ नेपालीको पाठ्यक्रमले निर्दिष्ट गरिएको १५ वटा उद्देश्यहरू राखेको पाइन्छ । ती उद्देश्यहरूमा शब्द र वाक्यहरूमा प्रयुक्त स्वर र व्यञ्जन वर्णहरू पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न, मातृभाषा र विभिन्न भाषाभाषीको सन्दर्भलाई समेत ख्याल गरि उपयुक्त उच्चारण गर्न, शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न, साहित्यिक विद्या, संचार माध्यम, विभिन्न पाठ् र विषयहरू सुनेर प्रति क्रिया व्यक्त गर्न, साहित्यका, विद्या पाठ् तथा अन्य प्रस्तुति सुन्ने मौखिक प्रतिक्रिया व्यक्त गर्न साहित्यिक विद्याका पाठ् सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न वक्तृता संवाद छलफल स्तरमा अभिव्यक्ति सुन्न तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न, देखे सनेका अनुभव गरेका वा पढेका वस्तु वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, स्रोताहरूको अवस्था प्रस्तुतिको योजना तथा परिवेश अुनसार विचार प्रस्तुत गर्न गति यति लय, हाउभाउ, अभिव्यक्त तथा बोलाइ पाठ्को ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभव्यिक्त गर्न, समूह छलफल, प्रस्तुति मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न, मौखिक पाठ् तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न, आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय सभा सम्मेलनमा औपचारिकता सहित शिष्टता पूर्वक भन्न, सामाजिक सन्दर्भ, प्रसंग वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थवोध गर्नसक्ने गरी प्रतिक्रिया दिन, प्रसंग सन्दर्भ अुनसार उखान टुक्काको प्रयोग गर्ने उद्देश्यले पाठ्यपुस्तकमा कथा, कविता, निवन्ध, जीवनी, रूपक, दैनिकी र चिठी लगायतका विद्याहरू समावेश गरिएका छन् ।

माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा नौं को पुरानो नेपाली पाठ्यक्रम २०६४ को अनुसार कविता विधा अन्तर्गत वसन्त भिखारी, सत्य सन्देश, जस्ता पाठ् राखिएको छन । त्यस्तै गरी कथा विद्यामा शिशिर र वसन्तको कथा, भविष्य निर्माण, खड्क वहादुर रहेका छन् । त्यस्तै गरी निवन्ध विद्यामा हाम्रा देश हाम्रो अतिथि, मौरीपालन रहेका छन् । त्यस्तै गरी जीवनी विद्या अन्तर्गत साहित्यकार पारिजात, भीमसेन थापा, स्वामी विवेकानन्द, रहेका छन भने त्यस्तै रूपक विद्या अन्तर्गत हामी मानिस सवै एकै हौँ, अपांगहरूप्रति हाम्रो दायित्व रहेका छन । चिठी विद्या अन्तर्गतत भान्जालाई चिठी रहेको छन । त्यस्तै गरी

दैनिकी विधा अन्तर्गत उपत्यकामा चार दिन भन्ने दैनिकी आदि रहेका छन । यी विधााहरूको शिक्षणवाट विद्यार्थीहरूलाई सुनाइ र बोलाइ सिपको विकासमा मद्दत पुग्न सक्छ । यी पाठ्मा पनि केही मात्रामा अभ्यास राखिएकता पनि प्रशस्त मात्रामा बोलाइ सिपको विकास हुने खालको अभ्यासहरू जस्तै : शब्द अर्थ, मौखिक प्रश्नहरू, छोटो उत्तर संक्षिप्त, अतिसंक्षिप्त, विवेचनात्मक, व्याख्या, सप्रसंग व्याख्या, दैनिकी लेखन, चिठी लेखन, सिर्जनात्मक अभ्यास, वाक्यमा प्रयोग, पाठ्को सार, सस्वरवचन उच्चारण अभ्यास, स्वतन्त्र रचना र पाठ्सँग सम्वन्धित शुद्ध लेखन अभ्यास, जोडा मिलाउने, बुँदा टिपोट अभ्यास, वोधप्रश्न, श्रुतिलेखन अभ्यास, संक्षेपीकरण, भाषातत्व व्याकरण अभ्यास खाली ठाउँ भर्ने पाठ् अनुसार शब्द भण्डार, पर्यायवाची शब्द, अनेकार्थी शब्द, विपरीतार्थक शब्द, श्रुतिसमाभिन्नार्थक, लधुतावाची, संक्षिप्त शब्द, समूहवाचक शब्द उखान टुक्का शब्द सिङ्गो शब्द, विशेष जानकारीका लागि थप सामग्री प्रशस्त मात्रामा देखिन्छ ।

**ख) पढाइ**

माध्यमिक शिक्षा पाठ्यकम २०६४ ले पढाइ, सिप अन्तर्गत ६ वटा उद्देश्य राखिएको छ भन्ने नयाँ माध्यमिक शिक्षा पाठ्यकम कक्षा (९-१०) २०७१ ले पढाइ सिप अन्तर्गत ११ वटा उद्देश्यहरू राखिएका छन् । मुख्यतः पढाइ सिपका लागि निवन्ध, प्रबन्ध, जीवनी, कविता र कथाहरू पर्दछन् । पाठ्यकमले पढाइमा गतिशीलता ल्याउने गरी सस्वर एवं मौन वाचन गर्न शब्दार्थको अध्ययन कौशल वढाउँनको लागि बुझ्ने र अर्थ लगाउने क्षमताको विकास गर्न, पढेको कुराको दृढताका साथ अर्थ वताउन विभिन्न उद्देश्यले सुहाउँदो गतिले पढ्न, लिखित भाषामा प्रयोग भएको विराम चिन्ह आदिका प्रचलित नियमहरू वुझ्न तथा अभिरूचिका साथ साहित्यका गुणहरू ग्रहण गर्न जस्ता उद्देश्यहरू राखिएका छन् । यस्ता उद्देश्य पूरा गर्नका लागि कक्षा नौं को कविता विधा अन्तर्गत भिखारी, बसन्त र सत्य सन्देश कविता राखिएको छ । त्यस्तै निवन्ध विधा अन्तर्गत हाम्रो देश हाम्रा अतिथि, मौरीपालन, मानिस सवै एक हौं । दैनिकी विधा अन्तर्गत उपत्यकामा चार दिन राखिएको छ । त्यस्तै कक्षा नौं को नयाँ नेपालीमा कथा विधा अन्तर्गत अनारको वोट, निद्रा, डाक्टर अङ्कल, वन्धनवाट मुक्ति रहेका छन् । कविता विधा अन्तर्गत यात्रा सुरू गरौं, वसन्त कोकिल, सय रङ्ग इन्द्रेणी रहेका छन् । जीवनी विधाअन्तर्गत रामशरण दर्नाल र आङ्सान सुकी रहेका छन् । रूपक विधा अन्तर्गत मानव वेचविखन विरूद्ध हाम्रो दायित्व र महिला हिंसा पाठ्लाई समेटिएका छन् । चिठी विधा अन्तर्गत वहिनीलाई चिठी र छात्रावास पाठ्

राखिएका छन् । निवन्ध विधा अन्तर्गत म को हुँ ? जैविक खेती राखिएका छन् । यसरी सम्वन्धित पाठ्हरूको माध्यमवाट विद्यार्थीहरूलाई पढाइसिप विकास गर्नका लागि आवश्यक पर्ने अभ्यासहरूको छुट्टै व्यवस्था नगरिएकोले विद्यार्थीहरू पाठ्मा मात्र सिमित हुनुपर्ने अवस्था देखिन्छ ।

**ग) लेखाइ**

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ र माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०) २०७१ ले नेपाली भाषाका चार सिप मध्ये लेखाइ सिपलाई विशेष महत्व दिदैं माध्यमिक तहमा ९ वटा र नयाँ पाठ्यक्रम अनुसार माध्यमिक तह मै १२ वटा र रूपक विधा वाहेक सम्पूर्ण विधाहरूले लेखाइ सिपको विकास गर्दछन् । माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०) ले लेखाइ सिप सम्वन्धी निम्न उद्देश्यहरू लिएका छन् :

वर्ण विन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा शुद्ध र स्पष्टसँग लेख्न, विभिन्न प्रकारका सूच्ना सङ्कलन गरी तिनको सङ्गठन र संश्लेषण गरी लेख्न, लेखिएका सामग्रीको सम्पादन र परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेख्न, कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, कमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न, आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषयवस्तुका वारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न, उद्देश्यमूलक सूचना र विषयवस्तुका वारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न, साहित्यिक विधा र पाठ्हरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न, दैनिकी, संवाद, वादविवाद रचना गर्न/लेख्न, विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखान टुक्काहरूको सन्दर्भ अनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न, लिखित अभिव्यक्तिका कममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न, विभिन्न विधा तथा भाषिक पाठ्मा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति गर्न, कममा व्याकरणका आधारभूत नियम पालना गर्ने जस्ता नियमहरू राखिएका छन् । यी उद्देश्य पूरा गर्नका लागि विभिन्न पाठ्हरू राखिएका छन् । कक्षा नौं को पुरानो नेपालीको कथा विधामा शिशिर वसन्त, भविष्य निर्माण, खड्गवहादुर, कविता विधामा वसन्त, भिखारी, सत्य सन्देश, निवन्ध विधामा हाम्रो देश हाम्रा अतिथि, मौरीपालन व्यवसाय, जीवनी विधामा साहित्यकार पारिजात, भिमसेन थापा, स्वामी विवेकानन्द, चार्ल्स डार्विन त्यस्तै संवादमा मानिस सवै एकै हौं । वक्तृतामा अपाङ्गहरूप्रति हाम्रो दायित्व, चिठीमा भान्जालाई चिठी र निवेदनमा वनविनाश रोकौं आदि पाठ् राखिएका

छन् । त्यस्तै कक्षा नौं कै नयाँ नेपालीमा कथा विधामा अनारको वोट, निद्रा, डाक्टर अङ्कल, वन्धनवाट मुक्ति, कविता विधामा यात्रा सुरू गरौं, वसन्त कोकिल, सय रङ्ग इन्द्रेणी, जीवनीमा रामशरण दर्नाल र आङ्सान सुकी, रूपक विधामा मान वेचविखन विरूद्ध हाम्रो दायित्व र महिला हिंसा, चिठीमा वहिनीलाई चिठी र छात्रावास, निवन्धमा म को हुँ ? जैविक खेती आदि पाठ्हरू राखिएका छन् ।

यी विधाहरूवाट लेखाइ सिप पूरा हुने अपेक्षा गरेका देखिन्छन् । पाठ्अनुसार नमुना अभ्यास गर्न विवेचनात्मक उत्तर दिने, प्रश्न, सप्रङ्ग व्याख्या, भाव व्याख्या, वाक्यमा प्रयोग गर्न, अनुच्छेद लेखन, सारांश लेखन, शुद्ध गरि लेख्ने, सामग्री समाविष्ट छन् । त्यस्तै चिठी, निवन्ध, संवाद, वक्तृता, वादविवाद, एकाङ्की र निवेदन लेख जस्ता अभ्यासले पनि लेखन सिपलाई जोड दिएको छ । यसरी उक्त दुई पाठ्यपुस्तकमा दिइएका अभ्यासहरूले अन्य सिप परिक्षण भन्दा लेखाइ सिपलाई नै बढी जोड दिएको पाइन्छ ।

## २.४. भाषा पाठ्यपुस्तक अध्ययनको आधारमा

कुनै निश्चित तहका भाषा शिक्षण कसरी गर्ने भन्ने कुराको निर्देशन गर्ने मुल दस्तावेज नै भाषा पाठ्यक्रम हो भन्ने भाषा पाठ्यपुस्तक चाहिँ त्यस अन्तर्गत समावेश गरिने एउटा अङ्ग हो । भाषा पाठ्यक्रम को उल्लेख विना भाषा पाठ्यपुस्तकको कल्पना समेत गर्न सकिदैन् । भाषा पाठ्यक्रम मा मुलतः उद्देश्य पाठ्यपुस्तक शिक्षण विधि र मूल्यांकन प्रक्रिया हुन्छन् । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, शिक्षण व्यवस्थापन विषयवस्तुको छनौट, विषयवस्तुको क्रम, क्षेत्र, अङ्क विभाजन निर्देशित गरिएको छ । त्यही उद्देश्य पूरा गर्न पाठ्यपुस्तक तयार गरिन्छ । भाषा पाठ्यक्रमले शैक्षिक योजना निर्माण गर्दछ भने पाठ्यपुस्तकले पाठ्यक्रमको लक्ष्यलाई पूरा गर्ने काम गर्दछ । यसरी पाठ्यक्रमले निर्देशन गरेका विषयवस्तु ज्ञान, सिप, विधि, क्षेत्र, क्रम आदिको संगठन गरी विषयक्रमको प्रयोगात्मक पक्षका रूपमा भाषा विषयवस्तु प्रस्तुत गरिन्छ ।

शिक्षण कार्यकलाप गुणस्तरीय हुनका लागि पाठ्यक्रम स्तरीय र यसको लक्ष्य हासिल गर्नका लागि पाठ्यपुस्तक पनि अनिवार्य रूपमा स्तरीय हुनु निःतान्त आवश्यक छ । आशा गरेका शैक्षिक उद्देश्य प्राप्त गर्नका लागि पाठ्यपुस्तक स्तरीय हुनु शैक्षिक उद्देश्य अपेक्षित प्राप्त गर्नका लागि दक्ष वा तालिम प्राप्त शिक्षक पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको कुशलतापूर्वक प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । शिक्षकको क्रियाकलापको प्रमुख आधार

पाठ्यपुस्तक मानिनु, शिक्षकको विश्वासिलो सामग्री पाठ्यपुस्तक हुनु पाठ्यपुस्तकले आफ्नो अन्तर्गत रहेको ज्ञान, सिप र व्यवहारको विकास गर्नुपर्ने हुँदा यो असल र सवल हुनु जरूरी छ । शिक्षक र विद्यार्थीको लागि पाठ्यपुस्तक मियो र आधार सामग्रीको रूपमा मानिन्छ । असल पाठ्यक्रमको अनुपस्थितमा सम्पूर्ण शिक्षण कार्यकलाप अपुरो र अधुरो हुन्छ । विद्यार्थीको गृहिकार्य सम्म कार्य पाठ्यपुस्तकमा नै हुन्छ । पाठ्यक्रम परिवर्तनशील हुन्छ । एक पटक निर्माण भएको पाठ्यक्रम सधैको लागि रहिरहदैन । समय परिस्थिति अनुसार पाठ्यक्रम परिवर्तन भैरहने प्रक्रिया हो । यदि पाठ्यक्रम परिवर्तन भएन भन्ने रात गरि करायो दक्षिणा हरायो जस्तै हुन्छ । कुनै पनि कुरालाई असल छुट्याउनको लागि कसौटीको आवश्यकता पर्दछ । असल पाठ्यपुस्तक वनाउनको लागि निश्चित आधार वा मापदण्ड हुनुपर्दछ । तिनै मापदण्डको आधारमा पाठ्यपुस्तकको अध्ययन गरी निष्कर्षमा पुग्न सके अध्ययन सार्थक र उद्देश्यपूर्ण हुन्छ । यहाँ प्रा.डा. केदार प्रसाद शर्मा सार सङ्गृहित आधारलाई उल्लेख गरी तिनै आधारमा पाठ्यक्रम पाठ्यपुस्तको अध्ययन विश्लेषण गरिएको छ । उनका अनुसार पाठ्यपुस्तक अध्ययनका दुई आधारहरू छन् । सामान्यता त्यसलाई आन्तरिक वा शैक्षिक तथा वाह्य वा भौतिक रूपमा वर्गीकृत गरिएको छ ।

कुनै पनि भाषा विषयवस्तु विश्लेषणमा दुईवटा पक्षहरू महत्वपूर्ण मानिन्छ ।

१) आन्तरिक वा शैक्षिक पक्ष

२) वाह्य वा भौतिक पक्ष

आन्तरिक पक्ष अन्तर्गत विद्या तथा प्रस्तुति, भाषिक संरचना, शब्दभण्डार, नमुना अभ्यास, भूमिका निर्देशन, चित्र आदि पर्दछन् भन्ने वाह्य वा भौतिक पक्षमा आवरण पृष्ठ कागजको स्तर, मूल्य र त्यसको सुलभता आकार, छपाई, बधाई आदि पर्दछन् तर भाषा विषयवस्तुको विश्लेषणका यी दुई पक्षको सङ्क्षेपमा विश्लेषण तथा वर्णन गर्ने प्रयास गरिएको छ ।

### २.४.१ आन्तरिक वा शैक्षिक पक्ष

भाषा विषयवस्तुका आन्तरिक पक्ष अन्तर्गत उपयुक्त र प्रस्तुतिगत पाठ्यवस्तु, शब्दभण्डार, भाषा अभ्यास चित्र, शब्दार्थ टिप्पणी, सङ्केत आदिको स्तर कस्तो र कस्ता छन् भने नियाल्ने काम गरिन्छ भने प्रस्तुति अन्तर्गत भाषा विषयवस्तुमा राखिएका विषयवस्तुहरू छनौट र स्तरणका दृष्टिले के कस्ता र कति उपयोगी छन् भने कुराको अध्ययन गरिन्छ ।

**क) विषयवस्तु :**

पाठ्यवस्तु तयार गरिने पहिलो आधार नै विषयवस्तु हो । भाषा पाठ्यवस्तुमा समावेश गरिने विषयवस्तुहरू मुख्य भाषा पाठ्यक्रमले निर्देश गरे अनुरूप विभिन्न स्रोतवाट चयन हुनुपर्दछ । विषयवस्तुको छनौट गर्दा विद्यार्थीहरूको स्तर, रूचि, क्षमता, उमेर, पूर्वज्ञान अनुरूप पाठ्यक्रमद्वारा निर्धारित गरिने विषयवस्तु, भाषिक सिपमा आधारित सूचनामूलक, नैतिक मूल्य र मान्यतालाई प्रोत्साहित गर्ने, श्रमप्रति आस्था जगाउने, रूचिपूर्ण, लोकजीवनमा आधारित, प्रजातान्त्रिक मूल्य, मान्यतालाई समेट्ने, धर्मनिरपेक्ष, लैङ्गिक तथा सांस्कृतिक समानता मूल्काउने, भौगोलिक साँस्कृतिक, विषयगत, विविधतायुक्त विषयवस्तुको तहगत सरल जटिल क्रमिकता भएको कक्षा प्रयोगमा व्यवहारिक प्रेरणादायी देशभक्तिको भावना जगाउने खालको, हास्यव्यङ्ग्य समाविष्ट भएको जीवनोपयोगी अवैज्ञानिक विषयवस्तुको त्याग गरिएका लगायत विद्यार्थी केन्द्रित हुनुपर्दछ ।

**ख) विधा तथा प्रस्तुति :**

भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने दोस्रो आधार त्यस पुस्तकमा राखिने विभिन्न विधाहरूको समस्या हो । भाषा पाठ्यपुस्तकमा विद्यागत विविधता हुनु पर्दछ र ति विधाहरूका विचमा आवश्यक संयोजन पनि हुनुपर्दछ भाषिक सिप र अभ्यासका दृष्टिले विधाको फरक फरक प्रस्तुति महत्वपूर्ण हुन्छ । प्रत्येक विधाको आफ्नै भाषिक संरचनागत, शब्द भण्डारगत र शैलीगत विशेषता हुन्छन् । तसर्थ विधाको प्रयोग गर्दा विद्यार्थीहरूको स्तर, उमेर रूचि पूर्व शैक्षिक अवस्था आदि पक्षलाई ख्याल गरिनु पर्छ । जसले गर्दा शिक्षण सिकाइमा रोचकता नविनता ल्याउन सकियोस ।

यसरी विद्याको छनोट गर्दा, विद्याको प्रस्तुति गर्दा सरलवाट जटिल तिर ज्ञातवाट अज्ञाततिर र सामन्यवाट विशिष्ट तर्फ र मूर्तवाट अमुर्त तर्फको क्रममा मिलाइएको हुनुपर्दछ ।

**ग) भाषिक संरचना र शब्दभण्डार**

भाषा पाठ्यपुस्तक विश्लेषण गर्ने तेस्रो पद्धति भाषिक संरचना र शैली हो । पाठ्यपुस्तक भित्र प्रयुक्त भाषिक संरचना समग्रमा स्तर नै भाषा हो । भाषा पाठ्यपुस्तकमा प्रयोग हुने भाषा भाषिक सिप आर्जन गर्ने किसिमको हुनु जरूरी छ । भाषा पाठ्यपुस्तकमा राखिने शब्दहरू विद्यार्थीको स्तर, उमेर तथा उनीहरूको पूर्व अनुभवमा आधारित हुनुपर्दछ । भाषा सरल, बोधगत, भाषिक सिप विकासमा टेवा पुऱ्याउने किसिमको हुन पनि जरूरी हुन्छ । भाषा विद्यार्थीहरूको स्तर अनुसार, बौद्धिक क्षमता अनुकूल रोचक शैली हुनु पनि आवश्यक हुन्छ । सिद्धान्ततः ८० प्रतिशत तल्लो कक्षामा प्रयोग भएका शब्दहरू र २० प्रतिशत नयाँ शब्दहरूको प्रयोग गरिनु पर्दछ । अझ प्राथमिक तहमा एक पाठ्मा दसदेखि वाह्रसम्म मात्र नयाँ शब्दको प्रयोग गर्नु पर्दछ । (ढुङ्गेल र दाहाल, २०५६:६३) ।

अधिकांश तल्ला कक्षामा राखिएका शब्दहरूको प्रयोग गरिए पनि पाठ्यपुस्तकमा नयाँ शब्दहरू सवै पाठ्मा समानुपातिक ढङ्गले राखिनुपर्दछ । कुनै पाठ्मा कम तथा कुनै पाठ्मा ज्यादै वढी नयाँ शब्दहरू भएमा विद्यार्थीहरूलाई पढन गाह्रो हुन्छ । स्रोतका दृष्टिले तत्सम, तदभव, आगन्तुक सवै खालको मात्र शब्दहरूको बाहुल्य भएमा पाठ् अरूचिकर तथा असान्दर्भिक हुन्छ । अतः शब्दभण्डारको प्रयोग गर्दा विषयवस्तुको प्रकृतिअनुसार विविधता अपनाउनुका साथै दोस्रो भाषा तथा क्षेत्रीय भाषिकालाई विचार गरेर प्रयोग गर्नु पर्दछ । पाठ्मा प्रयोग भएका शब्दहरूको अन्य पाठ्मा तथा अभ्यासमा पनि पर्याप्त अभ्यास हुने गरी पुनरावृत्ति गर्नुपर्छ ।

**घ) चित्र :**

भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को आधार चित्र पनि हो । भाषा पाठ्यपुस्तकमा विषयवस्तुलाई दृश्य रूपमा पनि स्पष्ट पार्ने, अपरिचित कुरालाई परिचित तुल्याउन चित्रले ठूलो भूमिका खेलेको हुन्छ । त्यसैले भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोग आवश्यक ठानिन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक सिप, विषयगत ज्ञान र धारणा दिन सहयोगी हुने

खालका चित्रहरूको व्यवस्था गर्नु पर्दछ । त्यसैले चित्रमा समावेश गरिएका विषयवस्तु रोचक र आकर्षक हुनुपर्ने हुन्छ भन्ने चित्रको समेत समायोजन गरिएका पाठहरूले अवधारणा वसाल्न सजिलो हुन्छ । निम्न माध्यमिक तहका भाषा पाठ्यपुस्तकमा चित्रको महत्व देखिन्छ । भन्ने माध्यमिक तहका पाठ्यपुस्तकमा श्यामश्वेत चित्र तथा आकारमा तुलनात्मक रूपमा केही साना भए पनि हुन्छ । माध्यमिक तहमा वा निम्नमाध्यमिक तहमा समावेश भएका चित्रले सामाजिक, मानसिक रूपमा असर पार्नु हुदैन । अतः चित्र स्पष्ट हुनु पर्दछ, आकर्षक किसिमको हुनुपर्दछ र उद्देश्य फरक हुनुपर्दछ । चित्रले पाठ्को प्रकृति तथा चरित्रलाई झल्काउनु पर्दछ । चित्र संयोजन उपर्युक्त ठाउँमा सन्दर्भ मिलाएर गरिनु पर्दछ ।

**ङ) भूमिका वा निर्देशन :**

भूमिका पाठ्यसामग्रीको परिचयात्मक खण्ड हो । यसमा पाठ्यपुस्तकका लेखक सम्पादक शिक्षक निर्देशन, प्रशासकीय, शिक्षण उद्देश्य, विषयसूची, प्रकाश वर्ष शिक्षकलाई निर्देशन, फोन नं, सिकायत गर्ने जस्ता कुराहरूका साथै पाठ्यपुस्तकको आवश्यक जानकारी समेत गराइएको हुन्छ ।

**च) नमुना अभ्यास :**

भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को आधार नमुना अभ्यास हो । भाषा पाठ्यपुस्तकको विद्यागत पाठ्को अन्त्यमा दिइएका अभ्यासहरूले पाठ्यपुस्तकभित्र हरेक विदाको अन्त्यमा दिइएका अभ्यासहरूले पाठ्यपुस्तकको अध्ययनमा सहयोग पुऱ्याउँछन् । पाठ्यपुस्तक भित्र हरेक विधाको अन्त्यमा राखिएको नमुना अभ्यासहरू विधागत उद्देश्यहरूका साथै भाषिक सिप अभिवृद्धि गर्ने खालको हुनु पर्दछ । विद्यार्थीहरूको तह र स्तरअनुसार सिर्जनात्मक प्रकृतिका अभ्यास पनि समावेश गरिएको हुनुपर्दछ । निर्धारित उद्देश्य प्राप्तिका लागि समय तथा विद्यार्थीहरूको उमेर, तह, पृष्ठभूमि सिकाइ प्रवृति क्षमता एवम् रूचिपूर्णता जस्ता शैक्षणिक तथा मनोवैज्ञानिक पक्षहरूको समेत ख्याल गरी उपर्युक्त, प्रभावकारी र अभ्यास मूलक भाषिक पाठ्यसामग्रीहरूको छनोट गर्नु राम्रो हुन्छ । यसरी माथिल्ला

कक्षाहरूमा भाषाका पाठ्यसामग्रीहरूको छनोट गर्दा पाठ्यसामग्री रूचिपूर्ण हुन जान्छ । यसरी शिक्षण सिकाइका लागि उद्देश्य अनुसार छनोट गरिएका पाठ्यवस्तुहरूलाई सुनिश्चित एवम् सुव्यवस्थित अनुक्रममा बाँधेर प्रस्तुत गर्नुपर्ने हुन्छ ।

### २.४.२ वाह्य आकार वा भौतिक पक्ष

भाषा पाठ्यपुस्तकको वाह्य आकार अन्तर्गत पाठ्यपुस्तकको बनोट, आवरण पृष्ठ, स्पेश, छपाइ, आकार, बँधाइ, कागजको स्तर, मूल्य सुलभता, विषयसूची र शब्द सूची जस्ता कुराहरू पर्दछन् । तिनलाई क्रमशः तल चर्चा गरिएको छ ।

**क)** **आवरण पृष्ठ :**

आवरण पृष्ठ पाठ्यपुस्तकको वाहिरी आवरण हो । पाठ्यपुस्तकको मुख्य चिनारीको रूपमा यसलाई लिइन्छ । यसले पाठ्यपुस्तक भित्र रहेका सौन्दर्भयुक्त सामग्रीहरूलाई सुरक्षित राख्ने काम पनि गर्दछ । पाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठ हेरेर उक्त पाठ्यपुस्तक कुन विषयको कति कक्षाको कुन तहका लागि तयार पारिएको भन्ने कुराको सजिलै सँग पत्ता लगाउन सकिन्छ । सामान्यया आवरण पृष्ठ आकर्षक चित्र र रङ्गको संयोजन गरी चिल्लो । चिल्लो, वाक्लो र दरो स्तरीय कागजको प्रयोग गरेर तयार गरिएको हुनुपर्दछ ।

कक्षा नौं को वर्तमान नेपाली पाठ्यपुस्त्कको परिमार्जित संस्करण २०७२ मा प्रकाशित गरिएको हो । यस पाठ्यपुस्तकको आवरण (वाहिरी) पृष्ठ त्यस्तो चिप्लो, दरो नभई सामान्य प्रकारको छ ।

**ख)** **आकारप्रकार र वनोट :**

पाठ्यपुस्तकहरू विभिन्न आकार प्रकारका हुन्छन् । सामान्यतया भाषा पाठ्यपुस्तकहरू ७ देखि ९ इन्च सम्मको चौडाई र १० देखि १२ इन्च सम्मको लाम्वाई हुनु आवश्यक छ । वर्तमान कक्षा नौं को नेपाली पाठ्यपुस्तकहरूका आकार प्रकार उपयुक्त नै मान्न सकिन्छ । कक्षा नौं को नेपाली पाठ्यपुस्तक ७ इन्च चौडाई र ९.५ इन्च लम्वाईमा राखिएको छ । कक्षा नौं को पाठ्पुस्तकमा मूल पाठ् रहेको पृष्ठसंख्या १५८ रहेको छ । यसरी विशलेषण गर्दा यसको आकारप्रकार र वनोटलाई पनि ध्यान दिनु

आवश्यक देखिन्छ । यसमा विद्यार्थीको उमेर, स्तर, रूचि, अनुसार छरितो र सुविधायुक्त आकारको हुनु राम्रो देखिन्छ ।

**ग) छपाइ र बँधाइ :**

भाषा पाठ्यपुस्तक छपाई र वँधाईका दृष्टिकोणले पनि बलियो हुनु पर्दछ । छपाइका लागि प्रयोग गरिने मसी गाढा वा उडेर नजाने किसिमको हुनु राम्रो मानिन्छ । शीर्षक, उपशीर्षक, पाठ्यवस्तु आदिको अक्षरको भिन्नतालाई राम्ररी ध्यान पुऱ्याई सोही अनुसार छपाइ गर्नु पर्दछ । सिलाइ वा बँधाइ पनि वलियो हुन आवश्यक छ । यस दृष्टिले कक्षा नौं को नेपाली भाषा पाठ्यपुस्तकको वाहिरी आवरण पृष्ठमा मात्र एकभन्दा वढी रङ्को प्रयोग गरिएपनि अन्य पृष्ठमा कालो रङ्को मसी मात्र प्रयोग गरिएको छ । शीर्षक, उपशीर्षक, अभ्यासका मूल प्रश्नहरू, कठिन शब्दहरू आदि गाढा कालो रङ्मा छापिएका छन् । यी दुबै पाठ्यपुस्तकहरू गमले टाँसेर दुई ठाउँमा स्टेपलर गर्दा सिलाइ तर्फ ध्यान दिइएको छैन । यसले गर्दा पाठ्यपुस्तकहरू कम टिकाउ हुने किसिमका छन् ।

**घ) अक्षरको आकार र ठाउँ छोडाई (अन्तराल)**

कक्षा नौं को नेपाली पाठ्यपुस्तकमा १२ देखि २२ प्वाइन्टसम्मका अक्षरहरू राखिएका छन् । शब्दार्थ र भूमिकामा १२ प्वाईन्ट, पाठ्पयुस्तका लागि १४ प्वाइन्ट, विद्याको नाम र पाठ्संख्याका निम्ति १६ प्वाइन्ट तथा पाठ् वा मुख्य शीर्षकका लागि २२ प्वाइन्टमा अक्षरहरू समाविष्ट छन् । कक्षास्तर अनुसार यी अक्षरको आकार उपयुक्त मानिन्छ । अक्षर अक्षर, शब्द शब्द तथा पङ्क्ति पङ्क्ति विचको आन्तराल वा ठाउँ छोडाइ पनि उपयुक्त नैछ । दायाँ वायाँ र तल माथिको किनारा छोडाइ पनि उपयुक्त नै छ ।

**ङ) कागजको गुणस्तर :**

पाठ्यपुस्तकमा गुणस्तरीय कागजको प्रयोग हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएको कागज जतिसेतो, चिप्लो, बाक्लो एवम् दरो हुन्छ, पाठ्यपुस्तक त्यति नै बलियो र आकर्षक हुन्छ । यस्तो गुणस्तरीय कागजमा लेखिएका अक्षर, शब्दहरू एकापछि लेख्दा अर्का पट्टी छायाँ नदेखिने हुन्छ । कागजको गुणस्तर राम्रो भयो भन्ने छिट्टै नच्यातिने, नदोव्रिने,

अक्षरहरू उडेर नजाने हुन्छ । गुणस्तरयुक्त कागजमा लेखिएका विषयवस्तुहरू पढ्नमा अभिरूचि जाग्ने किसिमका हुन्छन् । मा.वि. कक्षा नौं को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकहरूमा प्रयोग गरिएको कागज त्यति गुणस्तरयुक्त देखिदैन । यसमा आवरण पृष्ठमा १५० ग्राम र भित्री पृष्ठहरूमा ५४ ग्रामको कागज प्रयोग गरिएको छ । यी पाठ्यपुस्तकहरूमा प्रयोग गरिएको कागज वाक्लो भएपनि उक्त कागज मसिनो, चिप्लो तथा सेतो छैन । यसले गर्दा पाठ्यपुस्तक छिट्टै नै च्यातिने, भाँचिने, खुम्चिने, भएर टिकाउपनमा वाधा पर्ने देखिन्छ । गुणस्तरयुक्त कागजको कमीले गर्दा ती पुस्तकमा रहेको चित्र, तस्विर, प्रश्न अक्षरहरू जति आकर्षक देखिनु पर्दथ्यो त्यति आकर्षक देखिएको छैनन् ।

**च) मूल्य निर्धारण :**

पाठ्यपुस्तकको मूल्यले ठूलो प्रभाव पार्दछ । हाम्रो जस्तो विपन्न मुलुक र कमजोर आर्थिक अवस्था भएको अभिभावकहरूलाई सस्तो मूल्य तिरेर आफ्ना छोराछोरीहरूलाई पुस्तक किन्नु पर्दा हल्का महसुस हुन सक्छ । कक्षा नौं र १० का नेपाली पाठ्यपुस्तकहरू सरकारी अनुदान पाएका संस्थाहरूवाट पनि छापिने हुनाले अभिभावकहरूले सस्तो मूल्यको आशा गर्नु स्वाभविकै हो । वास्तवमा कक्षा नौं को नेपाली भाषा पाठ्यपुस्तकहरूको मूल्य ४३.७० पैसा निर्धारण गरिएको छ । यो मूल्य नेपालमा जनताहरूको स्तर अनुकूल उपयुक्त छ तर कागजको गुणस्तर कमजोर भएका कारण मूल्य सस्तो पर्न गएको अनुमान गर्न सकिन्छ ।

**छ) सुलभता :**

छापिएका पाठ्यपुस्तकहरू सवै ठाउँमा सहजै प्राप्त हुनु पर्दछ । समयमै सवै ठाउँमा पुऱ्याउन नसकिने भएमा शिक्षामा अप्ठ्यारो पर्दछ । छपाईमा नै ढिला गर्ने अनि वितरणमा नै ढिलासुस्ती गर्ने प्रकृतिले सम्वन्धित पक्षले निकै मार खानु परेको हुन्छ । कक्षा नौं को नेपाली पाठ्यपुस्तक पनि छपाउने जिम्मा पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र वितरणको जिम्मा पाएको साझा प्रकाशनले वेला वेलामा ढिला सुस्तीका कारणवाट गुनासो झेल्दै पनि आएको छ । छाप्ने र वितरण गर्ने संस्थाले समयमै

सम्वन्धित ठाउँमा सर्वसुलभ तरिकाले वितरण गर्न आवश्यक छ । जिम्मेवार निकायको लापर्वाहीका कारण शैक्षिक सत्र सुरू भएको महिनौ सम्म पनि पाठ्यपुस्तक नपाइने समस्या देखिए पनि यो समस्या सहजै निराकरण गर्न सकिन्छ ।

**ज) विषयसूची :**

विधागत पाठ् प्रारम्भ हुनुभन्दा अगाडि भाषा पठ्यपुस्तकमा विषय सुची राखिनु पर्दछ । विधा लेखक र पृष्ठ सङ्ख्या खुलाएर विषयसूची छाप्नु पर्दछ । विषयसूची हेरेर कुन पाठ् कति पृष्ठमा छ भने कुरा पत्ता लगाउन सकिन्छ ।

**झ) बँधाइ र सिलाइ :**

पाठ्यपुस्तकको बँधाइ र स्टेपलर र पिनभन्दा धागोले सिएको हुनु पर्दछ । वाँध्दा पाना पल्टाउन सजिलो हुने तथा कडा नभई पाना पल्टाउन सकिने गरी नछुटिने गरी वाँधिएको हुनुपर्दछ ।

**ञ) छपाइः**

भाषा पाठ्यपुस्तकको छपाइ सफा स्पष्ट हुनु पर्दछ । छपाइका लागि राम्रो मसी प्रयोग गरिएको हुनुपर्दछ । शब्द, वाक्यमा र अनुच्छेदमा विचको दुरी मिलेको हुनुपर्दछ । उपयुक्त किसिमको किनारा छोडेको हुनुपर्दछ । शब्द र पङ्क्तिको रखाइमा एकरूपता चहकपन आदि कुराहरू मिलेको हुनुपर्दछ ।

**२.४.३. सारांश :**

भाषा पाठ्यपुस्तकका वारेमा विभिन्न विद्धानहरूको आ-आफ्नै ढङ्गवाट परिभाष दिएका छन् । तापनि पाठ्यपुस्तक वास्तवमा पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य परिपुर्तिका लागि सामग्री सङ्कलन गरी विशेषज्ञद्धारा तयार पारिएको पुस्तक नै भाषा पाठ्यपुस्तक हो भन्ने वुझ्नु पर्छ । भाषा पाठ्पुस्तकका आन्तरिक आधारहरूमा विषयवस्तु, विद्या तथा प्रस्तुति, भाषिक संरचना, शब्दभण्डार, नमुना अभ्यास चित्र भूमिका तथा निर्देशन र पाठ्यपुस्तकहरूको प्रस्तुतिगत अवस्था आदिको अध्ययन विश्लेषण गरिएको छ भन्ने यसको वाह्य तथा भौतिक आधार अन्तर्गत पाठ्यपुस्तकको आवरण, पृष्ठ, आकार वा बनोट छपाई, बधाई, कागजको स्तर मूल्य, सुलभता, विषयसूची आदि कुराहरूको आधारमा रही यसको परिचय प्रस्तुत गरिएको छ ।

# अध्याय-तीन
# अध्ययन विधि र प्रक्रिया

## ३.१. अध्ययनको ढाँचा

प्रक्रियालाई अनुसन्धानको लक्ष्यसम्म पुग्नको लागि बनाइएको योजनालाई ढाँचा भनिन्छ । योजना विना अनुसन्धान सफल र पूर्णवन्न सक्दैन् । अनुसन्धान ढाँचामा उद्देश्य, पूरा गर्ने गरी प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको हुन्छ । योजनामा तथ्याङ्क सङ्कलन, मापन र विश्लेषणको खास पद्धति निर्धारण गरिएको हुन्छ, (भट्टराई, २०६८ :१३) ।

अनुसन्धान कार्यको प्रारम्भ गर्नुभन्दा अगाडि समग्र अनुसन्धान कार्यको सम्वन्धमा अनुसन्धानकर्ताले तयार पारेको रूपरेखालाई अनुसन्धानको ढाँचा भनिन्छ । अनुसन्धान कसरी गर्ने, के-कस्ता सामग्रीको प्रयोग गर्ने, तथ्याङ्क विधि के-के हुने, सूचना तथा सङ्कलन कसरी गर्ने भन्ने कुरामा अध्ययनको उद्देश्यका आधारमा नै निर्धारण गरिन्छ ।

अनुसन्धान विविध प्रकृतिका हुन्छन् । सवै किसिमका अनुसन्धनमा एउटै र समान प्रकृतिको ढाँचा प्रयोग नहुन सक्छ । अनुसन्धानको प्रकृति, विषय, उद्देश्य, क्षेत्र आदिका आधारमा अनुसन्धान ढाँचाको प्रयोग गरिनु पर्दछ । प्रस्तुत अध्ययन, कक्षा नौं को नयाँ अनिवार्य नेपाली पाठ्यपुस्तक २०७३ र पुरानो अनिवार्य नेपाली पाठ्यपुस्तक २०६४ विचको तुलनात्मक अध्ययन शीर्षकमा आधारित रहेको छ । यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरी अध्ययनको ढाँचा निर्माण गरिएको छ ।

प्रस्तुत अध्ययनको उद्देश्य पूरा गर्नको लागि मूलतः पुस्तकालयीय अध्ययन प्रक्रिया र आंशिक रूप्मा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०) २०७१, लाई प्राथमिक स्रोत र यस शीर्षकसँग सम्वन्धित शोधपत्रहरू पाठ्यसामग्रीहरू, विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, शोध, निर्देशकको सल्लाह सुझावलाई द्वितीय सामग्रीको रूपमा लिई अध्ययन विश्लेषण गरी अध्ययनको ढाँचा निर्माण गरिएको छ ।

## ३.२. अध्ययनको क्षेत्र

प्रस्तुत शोधपत्र कक्षा नौं को नयाँ नेपाली पाठ्यपुस्तक (२०७३) र पुरानो अनिवार्य नेपाली पाठ्यपुस्तक विचको तुलनात्मक अध्ययन रहेकोले यस पाठ्यपुस्तकमा प्रयुक्त

भाषालाई अध्ययनको क्षेत्र वनाइएको छ । माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०) २०७१ कक्षा नौं को र पुरानो पाठ्यपुस्तक अनिवार्य नेपाली (२०६४) विचमा भएका कमी, कमजोरी औंल्याउने क्रममा केही अपुग हुन सक्ने छन् । यस अध्ययनले भाषामा भएको त्रुटि भाषिकागत, व्याकरणिक तथा संरचनागत आधुनिकीकरण र स्तरीकरण सबल र सक्षम वनाउने पक्षहरूमा अध्ययनको क्षेत्र वनाइएको छ ।

यो विविध पक्षहरूको अध्ययन गर्ने भएतापनि प्रस्तुत कक्षा नौं को नयाँ नेपाली पाठ्यपुस्तक (२०७३) र पुरानो नेपाली (२०६४) मा विद्यागत, भाषातत्व, व्याकरणिक र संरचनाको दृष्टिकोणले यसमा भएका प्रयुक्त विषयवस्तुलाई अध्ययनको क्षेत्र वनाईएको छ ।

## ३.३. तथ्याङ्क/सूचना सङ्कलन पद्धति

तथ्याङ् सङ्कलन अनुसन्धानका लागि महत्वपूर्ण कार्य हो । तथ्याङ्क सङ्कलन गर्दा व्यवस्थित र वैज्ञानिक ढङ्गले गर्नु उपयुर्क्त हुन्छ । प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन गर्दा निम्नलिखित स्रोत प्रयोग गरिएको छ ।

### ३.३.१. द्वितीय सामग्री

अनुसन्धान गर्ने क्रममा विभिन्न अवलोकन पुस्तकालीय विधि, अन्तर्वार्ता विधिका माध्यमबाट अनुसन्धानकर्ता, व्यक्ति वा संस्थाले सङ्कलन गरेका अनुसन्धानका क्रममा अरूले उपयोग गरेका सामग्रीलाई द्वितीय सामग्रीको रूपमा प्रयोग गरिएका छन् ।

क) प्रकाशित पुस्तकहरू

विभिन्न संघ-संस्था व्यक्ति तथा प्रकाशन संस्थाहरूबाट प्रकाशित पुस्तकहरूमा प्रकाशित सामग्रीहरूको छनोट गरी अध्ययन गरिएको छ ।

ख) सामाचार-पत्र

सामाचार-पत्रमा अनुसन्धानको लागि महत्वपूर्ण सूचना, तथ्याङ्क, विचार, भनाइ आदिको उपयोग गरेर अध्ययन गरिएको छ ।

ग) अध्ययन प्रतिवेदन

विभिन्न समस्याको निराकरणका लागि उपयुर्क्त नीति-निर्माण तथा अध्ययन प्रतिवेदनहरू सङ्कलन गरि अध्ययन गरिएको छ ।

घ) अप्रकाशित आलेख

विभिन्न विद्वानहरूको मौखिक भनाइलाई संघ, संस्था तथा व्यक्तिहरूको अप्रकाशित आलेखहरू अप्रकाशित अनुसन्धानहरूवाट उपयोगी सामग्रीहरूको छनौट गरी अध्ययन गरिएको छ ।

ङ) व्यक्तिगत आलेखहरू

व्यक्तिले आफ्नो वारेमा आफै लेखेका तथा अन्य व्यक्तिले लेखि दिइएका जीवनी, स्मरण आदिवाट उपयोगी सामग्रीहरूको छनोट गरी अध्ययन गरिएको छ ।

च) अनुसन्धान तथा अनुसन्धान सार

पहिले भएका विभिन्न अनुसन्धानहरू र अनुसन्धानको सार निकालिएका अनुसन्धान सारवाट आवश्यक सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ ।

## ३.४. तथ्याङ्क विश्लेषण

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रूपमा विश्लेषण गर्नका लागि खास किसिमको प्रक्रियाको अवलम्वन गर्नु पर्ने हुन्छ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन प्राथमिक स्रोतका सामग्री अन्तर्गत कक्षा नौं को नयाँ नेपाली ( अनिवार्य) पाठ्यपुस्तक (२०७३) र पुरानो पाठ्यपुस्तक (२०६४) नेपालीको अध्ययनलाई विश्लेषणको प्रमुख आधार वनाइएको छ । मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरेर सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका कममा सैद्धान्तिक आधार तयार पार्ने विभिन्न पत्र-पत्रिका, पाठ्यसामग्रीहरू शोधपत्र तथा अन्य सम्वद्ध लेख र रचनावाट सामग्री लिइएको छ । सामग्री सङ्कलन गरी पुस्तकालयीय, वर्णनात्मक र विश्लेषणात्मक विधिलाई आधार वनाएर अध्ययन विश्लेषण गरिएको छ । अध्ययनलाई अझ स्पष्ट वनाउन आवश्यकता अनुसार तथ्याङ्कको तालिकीकरण गर्नु पर्ने हुन्छ । कक्षा नौं को नयाँ नेपाली (२०७३) र पुरानो नेपाली (२०६४) पाठ्यपुस्तकमा भएका शब्दभण्डार, भाषातत्व, संरचना, व्याकरणिक तत्वहरूको व्याख्या विश्लेषण गरिएको छ । विशेष गरेर वर्णनात्मक र व्याख्यात्मक विधिलाई प्रमुख आधार वनाइएको छ ।

# अध्याय-चार

# व्याख्या तथा विश्लेषण

भाषिक अनुसन्धानका केही विधिहरूमध्ये व्याख्या विश्लेषण विधि पनि एउटा प्रचलित र महत्वपूर्ण विधि हो । व्याख्या विश्लेषण विधिले समसामयिक घटना, परिस्थिति र अरू विभिन्न विषयहरूको समस्यालाई आधार वनाएर अनुसन्धान गरिएको विधिलाई नै व्याख्या विश्लेषण विधि भनिन्छ । यस विधिले विद्यमान तथा तत्कालिन रहेका समस्याहरूको अध्ययनलाई नै मूल विषय वनाएको हुन्छ । यस व्याख्या विश्लेषण विधिको मुख्य उद्देश्य कुनै घटना, परिस्थिति, विषय वा भाषालाई खोजी गर्दै तिनको विश्लेषण गरी नवीन तथ्य पहिल्याउनु हो ।

प्रस्तुत शोधपत्रमा दुबै पाठ्यपुस्तकको आन्तरिक आधार अन्तर्गत विषयवस्तु, विधाप्रस्तुति, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र, भूमिका तथा अन्तिम पृष्ठहरूको व्याख्या विश्लेषण गरी अध्ययन गरिएको छ ।

वाह्य पाठ्यपुस्तकको आधार अन्तर्गत आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, कागजको स्तर मूल्य सुलभता वा सहजताको व्याख्या विश्लेषण गरी पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको छ ।

## ४.१ कक्षा नौं को अनिवार्य नेपाली २०७१ पाठ्यक्रम अनुसार

### (क) विषयवस्तु :

भाषा पाठ्यपुस्तकको विषयवस्तु, विद्यार्थीको क्षमता र स्तर अनुकुलको क्षेत्रवाट लिइएको हुनपर्दछ । कक्षा नौं को अनिवार्य नयाँ नेपाली पाठ्यक्रम अनुसार (२०७१), मा जम्मा १६ वटा पाठहरू राखिएका छन् । जसमा ४ वटा कथा, ३ वटा कविता, २ वटा जीवनी, २ वटा निवन्ध, २ वटा चिठी, २ वटा रूपक, १ वटा दैनिकी विधा अन्तर्गत मङ्गलाका तिन दिन पाठलाई समावेश गरिएको छ । कविता, छन्दलय, लोकलय, गीतिलय छन्दवद्धमा लेखिएका छन् । कथाहरूमा पाठ्यक्रमले निर्देशित गरेका चार क्षेत्रहरू लोकथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा, सामाजिक कथा छन् । कविता विद्या अन्तर्गत तिनओटा क्षेत्रहरूलाई समेटेको देखिन्छ ।

जसमा नीति प्रधान साँस्कृति प्रधान, प्रकृति प्रधान, सामाजप्रधान गरी तिन क्षेत्रमा विभाजन गरिएको छ । जीवनी विद्या अन्तर्गत राष्ट्रिय अन्तराष्ट्रिय दुईवटा क्षेत्रमा समेटएिका छन् । निवन्ध अन्तर्गत सामाजिक र प्राविधिक व्यवसायिक दुई क्षेत्रहरूमा समावेश गरिएको छ । चिठी विद्यामा घरायसी र कार्यालयीय गरी दुईवटा क्षेत्रहरूलाई समावेश गरिएको छ । रूपक विद्या अन्तर्गत वक्तृता र संवादलाई प्रस्तुत गरिएको छ । त्यसै गरी दैनिकी विद्या अन्तर्गत मङ्गला तिन दिन पाठ्लाई समावेश गरिएको छ ।

भाषा पाठ्यपुस्तकलाई समग्र रूपमा नियाल्दा विधागत विविधता देखिन्छ । विद्यार्थीको सिर्जनशील क्षमतालाई विकास गर्ने खालको विभिन्न क्षेत्र विषयवस्तुलाई समेटेको छ । जुन उपयुक्त नै छन् । पाठ्को विषयवस्तु अनुसार गहिराइमा जाँदा त्यति धेरै पाठ् असम्भव भएकाले समाविष्ट पाठ्मा विधो राख्नु पर्नेमा र यसमा केही हेरफेर गर्नु आवश्यक देखिन्छ ।

**ख) शब्दभण्डार :**

शब्दभण्डार, विद्यार्थीको भाषिक पृष्ठभूमी, स्तर र आवश्यकताअनुरूप हुनुपर्दछ । विभिन्न शब्दहरूलाई दिइएको छ । नयाँ शब्दको प्रवृष्टिलाई पनि प्रस्तुत गरेको छ भन्ने विभिन्न पाठ्यकम दिइएको छ । तर पनि प्रवन्ध र जीवनीमा गरिएका कठिन शब्दहरूको केही अर्थ दिँदा अर्थवोधक वन्न, पुगेको स्थिति भने देखिएको छ । कक्षा नौं को पाठ्यपुस्तकमा विभिन्न नवीन शब्दहरूको प्रयुक्तिलाई जोड दिइएको छ । शब्दको पुनरावृत्ति भने कमै गरिउको पाइन्छ । तहगत तथा विद्यार्थीको क्षमता भन्दा असजिला शब्दको समेत प्रयोग गरिउको भेटिन्छ । जस्तै अग्निमान्दय (विहनीलाई चिठी) भुत्ती खेल्नु (डा. अंकल) भर्त्सना (आङ्सान सुकी) आदि प्रर्यायवाची अनेकार्थी, श्रृतिसमभिनार्थक आदि शब्दको प्रयोग पहिले छुट्टै रूपमा गरिए पनि वर्तमान पाठ्यपुस्तकले समग्र अभ्यासात्मक कार्यकलापको रूपमा समावेश गरिएको छ ।

**भाषिक क्षेत्र र अङ्क भार वितरण :**

| सि.नं | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्क भार |
|---|---|---|---|
| १. | शब्द भण्डार | शब्द परिचय<br>शब्दहरूको वाक्यमा प्रयोग | ६ |
| २. | वर्ण विन्यास | शुद्धिकरण | ३ |
| ३. | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटिअनुसारको रचना) | १५ |
| ४. | पढनवोध | विभिन्न विधाका गध सामग्री | १० |
| ५. | वुँदा टिपोट र सारांश | गध विधा | २+३ |
| ६. | निर्देशित रचना | कथा/जीवनी वा संवाद/वादविवाद/चिठी | ४ |
| ७. | भाव विस्तार/व्याख्या/सप्रसङ्ग व्याख्या | कथा/कविता/निवन्ध/जीवनी | ४ |
| ८. | पाठ्गत वोध (सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक) | कथा/कविता/प्रवन्ध/निवन्ध/जीवनी<br>तार्किक शिल्प/समस्या समाधान | ८<br>४ |
| ९. | पाठ्गत वोध (सन्दर्भमा आधारित लामो उत्तरात्मक) | कथा, कविता, प्रवन्ध/निवन्ध,जीवनी | ८ |
| १०. | स्वतन्त्र रचना | निवन्ध | ८ |
| | | जम्मा | ७५ |

**ग) भाषिक संरचना :**

भाषिक संरचना भन्नाले कुनै पनि पाठ्यपुस्तकमा प्रयोग भएका शब्द, वाक्य र अनुच्छेद के कस्ता छन् ? कतिसम्म शब्द प्रयोग भएका छन् ? के कस्तो भाषा प्रयोग भएको छ ? ती कुराहरूको अध्ययन गर्नुलाई नै भाषिक संरचना भनिन्छ । वाक्य गठनमा शब्दहरूको प्रयोग भएको छ । वाक्य गठनमा शब्दहरूको प्रयोग, वाक्यमा प्रयुक्त शब्द संख्या आदिलाई हेर्न सकिन्छ ।

वर्तमान पाठ्यपुस्तकको भाषा संरचनालाई सरल रूपमा प्रस्तुत गर्ने कार्य गरेको छ । तापनि केही निवन्धहरूमा प्रयुक्त भाषिक संरचना जटिल रहेको छ । कविता र संवादलाई जोडदा २२१ अनुच्छेदहरू रहेका छन् ।

सवैभन्दा वढी अनुच्छेद मानव वेचविखन विरूद्ध हाम्रो दायित्व भन्ने वक्तृत्वमा ३२ वटा अनुच्छेद समावेश गरिएको छ । त्यसै गरी छात्रावास निवेदनमा सवैभन्दा कम ४ वटा अनुच्छेदहरू समावेश गरेको छ। समग्र पाठ्यपुस्तकलाई हेर्दा पहिलो पाठ्को चौथो अनुच्छेदमा २१ वाक्यहरू समावेश गरी सवैभन्दा ठूलो अनुच्छेदको रूपमा रहेको छ ।

कक्षा नौं को पाठ्यपुस्तकमा कथात्मक, भाषात्मक, वौद्धिक लयात्मक र व्यङ्ग्यात्मक आदि विविध शैलीको प्रयोग भएको पाइएको छ । धेरै पाठ्हरूमा भाषिक संरचनाको हिसावले सरलता देखिए पनि केही निवन्ध, जीवनी र कविताका पाठ्हरूमा भाषिक संरचनामा कठिनाई देखिएको छ । जस्तैः संगीतज्ञ रामशरण दर्नाल र आङ्सान सुकी जस्ता पाठ्हरूमा वढी कठिनाई देखिन्छ । त्यस्तै गरी बसन्त कोकिलमा तत्सम शब्दहरूको आधिक्यताले वोधगम्यतामा ह्रास ल्याएको देखिन्छ । त्यसैगरी म को हुँ भन्ने निवन्धको भाषिक संरचना अमूर्त किसिमको देखिएकोले वोधगम्य रहेको देखिदैन । जस्तै : ती मध्ये कति मेरा आफ्ना मनका भावनासँग मिलेर जड हुन्छन् कति परस्पर विरोधी भावहरूसँग मिलेर विलुक्त हुन्छन् । कति चाहिँ साहित्यरूपी ढुकुटीमा पुऱ्याएर खन्याउँदै यताउता पोखिएर खेर जान्छन् । आदि जस्ता वाक्यले अमूर्तता थपेको देखिन्छ । त्यसैगरी विभिन्न ठाउँमा देखिएको वर्ण विन्यासगत कमजोरीले पनि जटिलता थपेको छ ।

पाठ्यपुस्तकमा अभ्यासको महत्वपूर्ण स्थान हुन्छ । अभ्यासलाई हेर्दा वर्तमान पाठ्यपुस्तकमा पाठ्गत, अभ्यास, व्याकरणगत अभ्यास र सिर्जनात्मक अभ्यासका साथै परियोजना कार्यलाई पनि समावेश गरी अलग अलग रूपमा चिनाइएको छ । पाठ्गत अभ्यास अन्तर्गत सुनाइको लागि ५२, बोलाइको लाागि ६९, पढाइको लागि ६३ र लेखाइको लागि १२२ वटा अभ्यासहरूलाई समावेश गरिएको छ । त्यसैगरी १३८ वटा व्याकरणगत अभ्यासहरू समावेश गरी खोजमूलक ढङ्गवाट प्रमुख गरिने नयाँ पद्धतिको विकासले व्याकरण सिकाइमा सहज ल्याएको देखिन्छ ।

२० वटा सिर्जनात्मक अभ्यासहरू र ८ वटा परियोजना मूलक अभ्यासहरू राखी विद्यार्थीको क्षमताको स्तर माथि उठाउने उद्देश्यले उचित

व्यवस्थापन गरिएको देखिन्छ । परियोजना कार्यको व्यापकताले स्तर र परिवेश अनुसार प्रयोगमा ल्याउने कुरामा असमञ्जसता रहेको देखिन्छ ।

**घ) नमुना अभ्यास :**

भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषणका आधारहरू मध्ये नमूना अभ्यासलाई मुख्या आधार मानिन्छ । नमूना अभ्यासले सिकाईलाई प्रभावकारी बनाउने पनि उद्देश्यले राखेको पाइन्छ । कक्षा नौं को माध्यमिक शिक्षा पाठ्यक्रम २०७१, अनिवार्य नयाँ नेपाली पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सिर्जनात्मक कार्य प्रयोगात्मक कार्य र अरू विभिन्न प्रकारका अभ्यासहरू राखिएका छन् । जसलाई परिशिष्ट ६ मा देखाइएको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा नौं को अनिवार्य नेपाली पाठ्यपुस्तक २०७१ मा दिइएका पाठ्को अभ्यास प्रकृति अनुसार दिइएको छ । प्रत्येक पाठ्को अन्त्यमा दिइएका नमुना अभ्यासमा एकरूपतामा सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सिर्जनात्मक कार्य र प्रयोगात्मक कार्यको नै देखिन्छ । पाठ्यपुस्तकमा अभ्यासको महत्वपूर्ण स्थान रहन्छ । अभ्यासलाई हेर्दा वर्तमान पाठ्यपुस्तकमा पाठ्गत अभ्यास, व्यकरणगत अभ्यास र सिर्जनात्मक अभ्यासका साथै परियोजना कार्यलाई पनि समावेश गरी अलग अलग रूपमा चिनाइएको छ । पाठ्गत अभ्यास अन्तर्गत सुनाइको लागि ५२, बोलाइको लागि ६९, पढाइको लागि ६३, र लेखाइको लागि १२२ वटा अभ्यासहरूलाई समावेश गरिएको छ । त्यसैगरी १३८ वटा व्याकरणगत अभ्यासहरू समावेश गरी खोजमूलक ढङ्गवाट प्रस्तुत गरिने नयाँ पद्धतिको विकासले व्याकरण सिकाइमा सहज ल्याएको देखिन्छ ।

२० वटा सिर्जनात्मक अभ्यासहरू र ८ वटा परियोजनामूलक अभ्यासहरू राखी विद्यार्थीको क्षमताको स्तर माथि वढाउँने उद्देश्यले उचित व्यवस्थापन गरिएको देखिन्छ । परियोजना कार्यको व्यापकताले स्तर र परिवेश अनुसार प्रयोगमा ल्याउने कुरामा भने असमञ्जसता रहेको देखिन्छ ।

भाषा तत्वको प्रयोगमा : भूतकालको पहिचान र प्रयोग तथा भूतकालका पक्षहरूको पहिचान र प्रयोग, नाम र विशेषण शब्दको पहिचान

र प्रयोग, पदसंगति लिङ्ग, वचन, पुरूष र आदरको प्रयोग, सर्वनाम, नामयोगी, संयोजक, निपातको प्रयोग, क्रियापद, क्रियायोगी, विस्मयादिवोधक वाक्य संश्लेषण र विश्लेषण, भविष्यत्काल र भविष्यत्कालका पक्षको पहिचान र प्रयोग वर्तमानकाल र वर्तमानकालका पक्षको पहिचान, विश्लेषण र क्रियापद, लिङ्ग, वचन, पुरूष आदर, करण अकरण, काल, पक्षका आधारमा वाक्य परिवर्तन, उपसर्गद्वारा शब्द निर्माण, कारक (कर्ता, कर्म, करण, सम्प्रदान, आपादान तथा अधिकरण) र विभक्ति, विभक्तिको प्रयोग, दित्व शब्दहरू तथा सामान्य धातु र नामधातु तथा वर्ण विव्यास, कृदन्त र तद्धितान्त शब्दहरू तथा अपूर्ण पक्ष समस्त शब्दलहरू पूर्णपक्ष तथा धातुरूपावली, लेख्य चिहन, धातु, रूपावली तथा भूतकालका अभ्यस्त र अज्ञात पक्षहरू, वर्ण विन्यास तथा वाक्याका प्रकार (सरल, संयुक्त र मिश्र) वर्णविन्यास र विभक्ति नियम (सरल/तिर्यक तथा भाव (आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ, वाच्य) कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य वर्णविन्यास स्पष्ट पार्ने जस्ता सिप सिकाउने नमुना अभ्यास पनि पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । तर पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू विद्यार्थीको सुनाइ बोलाइ पढाइ लेखाइ सिर्जनात्मक कार्य प्रयोगात्मक कार्य क्षमतामा अभिवृद्धि गर्ने खोजिएको देखिएतापनि औपचारिकतामा मात्र निर्भर गरिएको देखिएको छ ।

**ङ) चित्रहरू :**

समग्र पुस्तकलाई हेर्दा २६ वटा चित्रहरूको प्रयोग गरिएको देखिन्छ । पाठ्गत आधारमा चित्रको सन्तुलन भने देखिँदैन । कुनै पाठ्मा ४-५ चित्रहरू समावेश गरिएको छ भने कुनैमा एउटा चित्र पनि समावेश गरिएको पाइँदैन । चित्रहरू अभ्यास र नचिनिने खालको देखिन्छन् । चित्रहरूको छपाई उपर्युक्त देखिदैन । पहिलो पाठ्मा प्रयुक्त दोस्रो चित्रमा सुँगाको खुट्टामा मलम लगाएको प्रसङ्ग ल्याएको भएपनि पखेटामा मलम लगाइरहेको चित्र प्रस्तुत गर्नाले प्रयुक्त चित्रहरू वास्तविकताको नजिक नरहेको पुष्टि हुन्छ । चित्रहरूवाट विषयवस्तुको धारणा विकासमा महत्वपूर्ण

धारणा विकासमा सहयोग पुग्ने हुँदा चित्रहरूको प्रयुतिमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.२. कक्षा नौं को अनिवार्य नेपाली :

### क) विषयवस्तु

कक्षा नौं को पुरानो नेपाली पाठ्यपुस्तकलाई हेर्दा पाठ्यक्रम अनुरूप सातवटा विधाहरूमा समग्र विषयवस्तुलाई समेटेको देखिन्छ । कविता, कथा, निबन्ध, चिठी, जीवनी, रूपक, दैनिकी गरी सातवटा विधाहरूलाई १७ वटा पाठ्हरूमा समावेश गरिएको छ । त्यसैगरी विधाहरूकै आधारमा भाषातत्व र बोध तथा अभिव्यक्तिलाई पनि समावेश गरिएको छ । भाषातत्व र वोध तथा अभिव्यक्तिका पक्षहरूलाई पाठ्यपुस्तक विधिको भरपुर प्रयोग गर्ने कोशिश गरिएको छ ।

कविता विधा अन्तर्गत पाठ्यक्रमले निर्देशित गरेका तीन ओटा क्षेत्रहरू नीतिप्रधान/संस्कृतिप्रधान प्रकृतिप्रधान, समाजप्रधान गरी तीन क्षेत्रमा विभाजन गरिएको छ । कितावको पहिलो पाठ्को शुरूमा वसन्त कवितालाई लिएको छ । यो प्रकृतिप्रधान कविताको रूपमा रहेको छ । त्यसपछि भिखारी महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको कविता राखिएको छ । यो कवितामा कठिन शब्दार्थ र लयबद्ध पठ्न गाह्रो हुने देखिन्छ । तेस्रो कविताको रूपमा सत्य सन्देशलाई लिइएको छ ?

कथा विधाअन्तर्गृत पाठ्यक्रमले निर्देशित गरेका तीन ओटा क्षेत्रहरू लोककथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा, लोककथा अनुसार शिशिरवसन्त, ऐतिहासिक कथा अनुसार खड्ग बहादुर, वालमनोवैज्ञानिक कथा अनुसार भविष्य निर्माण देव कुमारी थापाद्वारा सचिएका कविता राखिएका छन् । कथाको संरचनागत आकारवढी भएका कारण असमञ्जसता जस्तो देखिएपनि रूचिपूर्ण कथा भएकाले सरल वोधगम्यताका कारण राम्रै रहेको छ । खड्ग बहादुर कथाले रोचकता ल्याएपछि वर्णनात्मक कथा शैलीको कथन र आत्मगत कथा चिन्तनले केही विचलित भने रहेको देखिन्छ ।

जीवनी विधा अन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय ऐतिहासिक, प्रेरक व्यक्तित्व, विचारक, अविष्कारक गरी चार क्षेत्रमा समेटी राखिएका छन् । साहित्यकार पारिजात, भीमसेन थापा, स्वामी विवेकानन्द, चाटर्स डार्विन हुन् ।

त्यसैगरी निबन्ध विधा अन्तर्गत वस्तुपरक र आत्मपरक, सामाजिक, प्राविधिक/व्यावसायिक गरी दुई क्षेत्रहरूमा समावेश गरिएका छन् । यी क्षेत्रहरूमा आधारित भई हाम्रो देश हाम्रा अतिथि र मौरीपालन निवन्धनहरू समावेश गरिएको छ । पहिलो निबन्धलाई बस्तुपरक र आत्मपरक शैलीमा प्रस्तुत गरेवाट यसमा केही कठिनता उत्पन्न भएको र मौरीपालन निबन्धमा पनि वाक्यात्मक संरचनाका केही जटिलता देखिन्छ ।

चिठी विधामा घरायसी, कार्यालयीय/निवेदन, निमन्त्रणा, शुभकामना गरी दुई क्षेत्रहरूमा समावेश गरिएका छन् । चिठी अन्तर्गत भान्जालाई चिठी र वनविनाश रोकौँ पाठ्हरू राखिएको छ ।

रूपक विधा अन्तर्गत वक्तृता संवादलाई प्रस्तुत गरिएको छ । मानिस सवै एकै हौँ र अपाङ्गहरूप्रति हाम्रो दायित्व वक्तृतामा राखिएको छ । त्यसैगरी दैनिकी विधाअन्तर्गत उपत्यकामा चार दिन पाठ्लाई समावेश गरिएको छ ।

भाषातत्वलाई पाठ्यपुस्तक विधिको प्रयोग गर्ने गरी हेरक पाठ्सँगै विभिन्न व्याकरणका विषयवस्तुलाई आगमनात्मक ढङ्गवाट जोडी प्रस्तुत गरिएको छ । व्याकरण अन्तर्गत काल, पक्ष, शब्दवर्ग, पदसङ्गति, वाक्य, कारक र विभक्ति, शब्द निर्माण प्रक्रिया, वाच्य र वर्णविन्यासलाई समावेश गरिएको छ । त्यसै गरी बोध तथा अभिव्यक्तिलाई पनि अगमनात्मक ढङ्गबाट पाठ्यपुस्तक विधिकै आधारमा प्रस्तुत गरिएको छ ।

**ख) शब्दभण्डार**

शब्दभण्डार, विद्यार्थीको भाषिक पृष्ठभूमि, स्तर र आवश्यकता अनुरूप हुनुपर्दछ । विभिन्न समूहवाचक नाम शब्द दिइएको र यसलाई वाक्यमा प्रयोग गर्न पनि दिएको छ । समूहवाचक शब्द लेखी शिक्षकलाई देखाउन पनि भनेको छ । यसमा उखान, परिभाषा र उखानलाई अर्थ स्पष्ट

हुने गरी वाक्यमा प्रयोग गर्न पनि दिइएको, यसमा लघुतावाची शब्दको निर्माण प्रक्रिया पनि देखाउन होस् भनेको हो । यसलाई स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न पनि भनेको, वताउन पनि भनेको, जोडा मिलाउन, अनुकरणात्मक शब्दहरूसँग मिल्दा क्रियाहरू लेख्न, छान्न, खाली ठाउँ भर्न, पर्यायवाची शब्द, विपरीतार्थक शब्द, परिभाषा समेत दिइएको, टुक्काहरूको अर्थ र परिभाषा, यसलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न पनि दिएको पूर्ण वर्तमान, अपूर्ण वर्तमान, अभ्यस्तभूत अज्ञातभूत र पूर्णभूतकालीनलाई वाक्इमा प्रयोग गर्न दिइएको, जोडा मिलाउनु पनि दिइएको, सिङगो शब्द, यसलाई अर्थ लेखी वाक्यमा प्रयोग, संक्षिप्त शब्दको विस्तृत रूप गरी वाक्यमा प्रयोग गरी देखाइएको प्रचलित नेपाली संक्षिप्त शब्दहरू दिइएको, परिभाषा, अभ्यास पनि दिइएको, एकभन्दा बढी अर्थ श्रृतिसम शब्दलाई वाक्यमा प्रयोग कोठेपदवाट अनेकार्थक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्न दिइएको आदि ।

**ग) भाषिक संरचना :**

भाषिक संरचना भन्नाले शब्द भण्डार, शब्दरचना, वाक्यरचना, अनुच्छेद गठन आदि पर्दछन् । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४।०६५ को कक्षा नौं को नेपाली पाठ्यपुस्तकमा सवैभन्दा सानो वाक्य मानिस सवै एकै हौँ । संवाद शीर्षकको दोस्रो अनुच्छेदको किन र ? भन्ने वाक्य हो भने सवैभन्दा ठूला वाक्य खड्गवहादुर कथा शीर्षक पाठ्को चौथो अनुच्छेद यदि त्यो घोर व्यभिचार हटाउन सक्तैनस् भन्ने पशुको समाजमा मिलेर घाँस खा, कालो ओडारमा गएर बस्, मानव इतिहास हेर्ने होस् भने दरो मुटु पारेर क्रान्ति गर्ने पर्छ, समाजका सर्पलाई टुक्राउनै पर्छ । वेलीका लहरा र चन्दनका रूखको विकास गराउँनु नै पर्छ । सामाजिक रोगका यस्तो किटाणु जहाँ सम्म पृथ्वीमा रहन्छन्, त्यहाँसम्म उन्नति भएन भनी कराउनु वर्षाको भ्यागुतो वन्नु हो ।

यस वाक्यमा ५४ शब्दहरू छन् । यस पुस्तकमा सवै भन्दा सानो अनुच्छेद मानिस सवै एकै हौँ, संवाद शीर्षकको दोस्रो अनुच्छेद किन र ? भन्ने वाक्य हो । ठूलो अनुच्छेद सड्गवहादर कथा शीर्षक चौथो अनुच्देछ हो

। यसमा २२ वाक्य र २४८ शब्दहरू छन् । यस पुस्तकमा प्रयोग भएका वाक्यहरू १ देखि ५४ शब्दले वनेको छन् । यस पुस्तकको सवैभन्दा ठूलो पाठ् शिशिर वसन्त कथा हो । जसमा २३४५ शब्दहरू २१० वाक्य र ४६ अनुच्छेद समावेश छन् । त्यस्तै सवैभन्दा सानो पाठ् वसन्त कविता हो । ५३ शब्द प्रयोग गरिएको १२ वाक्य र ३ अनुच्छेद समावेश गरिएको छ । यस पुस्तकमा सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग भएको पाइन्छ । माध्यमिक तहको लागि वाक्य निर्माणमा १०-१२ शब्दले वनेको वाक्य हुनुपर्दछ, भनिए तापनि नियम अँगाल्न भने सकेको देखिदैन ।

**घ) नमुना अभ्यास :**

भाषा पाठ्यपुस्तकमा जे जस्ता पाठ्यपुस्तकको संयोजन र संगठन गरिएको छ । सवै अभ्यासात्मक कार्यकलापले सर्वाधिक उच्च भूमिका रहेका छन् । भाषा पाठ्यपुस्तकको उद्देश्य अनुसार नमुना अभ्यासहरू राखिएको छन् ।

कक्षा नौं को नेपाली माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले यसमा पहिले प्रस्तुतिकरण गरिएका सामग्रीहरूका वारेमा अभ्यास गर्न लगाइन्छ र उनीहरूको नियमित र निश्चित सन्दर्भमा आधारित भएर पर्याप्त अभ्यास गराउनुपर्छ । यसले नमूना अभ्यास उनीहरूमा नयाँ भाषिक एकाइको प्रयोगमा आरम्भ विश्वास वढाउँछ । मौखिक क्रियाकलापले विद्यार्थीहरूको पठन वोध क्षमताको विकास गराउँदछ । पाठ्यपुस्तकमा नमुना अभ्यासको महत्वपूर्ण स्थान रहनुको साथै यसमा पाठ्गत अभ्यास, व्याकरणगत अभ्यास र सिर्जनात्मक अभ्यासका साथै परियोजना कार्यलाई पनि समावेश गरि अलग अलग रूपमा चिनाइएको छ । पाठ्गत अभ्यास अन्तर्गत सुनाइको लागि ५२, बोलाइको लागि ६९, पढाइको लागि ६३, र लेखाइको लागि १२२ वटा अभ्यासलाई समावेश गरिएको छ । त्यसै गरी १३८ वटा व्याकरणगत अभ्यासहरू समावेश गरि खोजमूलक ढङ्गवाट प्रस्तुत गरिने नयाँ पद्धतिको विकासले व्याकरण सिकाइमा सहज ल्याएको देखिन्छ ।

२० वटा सिर्जनात्मक अभ्यासहरू र ८ वटा परियोजनामूलक अभ्यासहरू राखी विद्यार्थीको क्षमतास्तर र परिवेश अनुसार प्रयोगमा ल्याउने

कुरामा भन्ने असमञ्जसता रहेको देखिन्छ । कक्षा नौं को नयाँ नेपाली पाठ्यपुस्तक २०७१ को पाठ्यक्रम अनुसार नमुना अभ्यासलाई परिशिष्टपाठ्मा देखाइएको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४।६५ को पुरानो नेपाली पाठ्यपुस्तकमा दिइएको पाठ्को प्रकृतिअनुसार नै अभ्यासहरूको समायोजन गरिएको छ। प्रत्येक पाठ्को अन्त्यमा दिइएको नमुना अभ्यासहरू, सामान्यतया एक रूपता नभएपनि केही हद् सम्म मिल्दो नैछ । मौखिक उत्तर देउ, जस्तो अभ्यासले विद्यार्थीको वोध पक्षमा विकास गर्न सहयोग पुऱ्याउँछ । एक वाक्य र छोटो उत्तर आउने प्रश्नलाई अतिसङ्क्षिप्त प्रश्नमा समावेश गरिएको छ । सङ्क्षिप्त र विवेचनात्मक प्रश्नले विद्यार्थीलाई विषयवस्तु सम्वन्धि उत्तर दिन, र पाठ्को अभ्यास खण्डमा रहेको प्रश्नहरूको उत्तर दिन सहयोग पुऱ्याउँछ ।

भाषा तत्व व्याकरणमा नाम, सर्वनाम, विशेषण, अव्यय, नामयोगी, क्रिया, क्रियापद, वाक्य, वाक्य परिवर्तन, कारक विभक्ति, पदवर्ग, वाक्यपरिवर्तन, काल र पक्षहरू भाव, शब्द, निर्माण प्रक्रिया, वर्णविन्यास, हिज्जे लेख्य चिह्न, ह्रस्व, दीर्घ, पदयोग, पदवियोग शिरविन्दु, चन्द्रविँन्दु निपात, संयोजक र पदसङ्गति (लिङ्ग, वचन, पुरूष र आदर आदि पर्दछन् ।)

पाठ्यपुस्तकमा विशेष ज्ञानका लागि थपसामग्रीहरू पनि प्रत्येक पाठ्पछि दिइएको छ । जसले पाठ्पुस्तकलाई साधनको रूपमा मात्र प्रयोग गर्ने विद्यार्थीहरूका लागि थपसामग्री वन्न जान्छ । यसले विद्यार्थीहरूलाई सम्वन्धित पाठ्यवस्तुमा थप ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याउँछ ।

**ङ) चिहहरू :**

समग्र पुरानो नेपाली पाठ्यपुस्तकलाई हेर्दा प्रत्येक पाठ्लाई झल्काउने, स्पष्ट र उपयुक्त प्रयोग भएको देखिन्छ । पाठ्शीर्षक अनुसार प्रत्येक पाठ्मा मिल्दो चित्रहरूको स्पष्ट र चिनिने खालका देखिन्छन् । चित्रहरूको छपाइ उपयुक्त देखिन्छ । यसरी प्रत्येक पाठ्को चित्रहरू हेर्दा वास्तविकताको नजिक स्पष्ट रहेको पुष्टि हुन्छ । चित्रहरूबाट विषयवस्तुको

धारणा विकासमा महत्वपूर्ण सहयोग पुग्ने हुँदा चित्रहरूको प्रयुक्तिमा कुनै बाधा अवरोध नभएको देखिन्छ ।

## ४.३. भाषा पाठ्यपुस्तकको वाह्य वा भौतिक आधारमा अध्ययन विश्लेषण :

### ४.३.१. माध्यमिक शिक्षा पाठ्यक्रम २०६४।०६५ को कक्षा नौं को पुरानो नेपाली पाठ्यपुस्तक

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ को पुरानो कक्षा नौं को अनिवार्य नेपाली पाठ्यपुस्तकको पछाडि आवरण पृष्ठमा कक्षा नौं को कक्षागत गीत भनेर कालो मसिले लेखिएको छर पृष्ठको बीच तिरको भागमा रातो मसीले पोती कालो मसीले कक्षागत गीत लेखिएको छ । प्रकाशन नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर तलपट्टीको वायाँ तिर लोगो समेत राखिएको छ भने दायाँ पट्टी मुद्रक ग्लोवल शैक्षिक विकास केन्द्र प्रा.लि. पोखरा औद्योगिक क्षेत्र, पोखरा, कास्की, लेखिएको छ । आकारको दृष्टिकोणले यसको लम्वाई २४.५ से.मी. र चौडाई १७.८ से.मी. रहेको छ । यसको मोटाई ०.७ से.मी. छ । जसमा १२२ पृष्ठ रहेको छन् । छपाईको दृष्टिले समयानुकुल नै देखिन्छ ।

**क) आवरण पृष्ठ :**

आवरण पृष्ठ पाठ्यपुस्तकको बाहिरी आवरण हो । पाठ्यपुस्तकको मुख्य चिनारीको रूपमा यसलाई लिइन्छ । यसले पाठ्यपुस्तकभित्र रहेका सौन्दर्ययुक्त सामग्रीहरूलाई सुरक्षित राख्ने काम पनि गर्दछ । पाठ्यपुस्तकको वाहिरी आवरण पृष्ठ हेरेर उक्त पाठ्यपुस्तक कुन विषय को, कति कक्षाको, कुन तहका लागि तयार पारिएको भन्ने कुराको सजिलै पत्ता लगाउन सकिन्छ । सामान्यतया आवरण पृष्ठ आकर्षक चित्र र रंगको संयोजन गरी चिप्लो चिल्लो, वाक्लो र दरो स्तरीय कागजको प्रयोग गरेर तयार गरिएको हुनुपर्दछ । कक्षा नौं को वर्तमान नेपाली पाठ्यपुस्तकको परिमार्जित संस्करण २०७२ मा प्रकाशित गरिएको हो । यस पाठ्यपुस्तकको आवरण वाहिरी पृष्ठ त्यस्तो, चिप्लो, दरो नभई सामान्य प्रकारको छ ।

**ख)** **आकार प्रकार :**

पाठ्यपुस्तकहरू विभिन्न आकार र प्रकारका हुन्छन् । सामान्यता भाषा पाठ्यपुस्तकहरू ७ देखि ९ इन्च सम्मको चौडाई र १० देखि १२ इन्च सम्मको लम्वाई हुन आवश्यक छ । वर्तमान कक्षा नौं को नेपाली पाठ्यपुस्तकहरूका आकार प्रकार उपयुर्क्त नै मान्न सकिन्छ । कक्षा नौं को नेपाली पाठ्यपुस्तक ७ इन्च चौडाई र ९.५ इन्च लम्वाईमा राखिएको छ । कक्षा नौं को पाठ्यपुस्तक मूल पाठ् रहेको पृष्ठ संख्या १५८ रहेको छ ।

**ग)** **अक्षरको आकार र ठाउँ छोडाइ (अन्तराल)**

कक्षा नौं को नेपाली पाठ्यपुस्तकमा १२ देखि २२ प्वाईन्टसम्मका अक्षरहरू राखिएका छन् । शब्दार्थ र भूमिकामा १२ प्वाइन्ट, पाठ्यपुस्तकका लागि विद्याको नाम र पाठ्संख्याका निम्ति १६ प्वाइन्ट तथा पाठ् वा मुख्य शीर्षकका लागि २२ प्वाइन्टका अक्षरहरू समाविष्ट छन् । कक्षास्तर अनुसार यी अक्षरको आकार उपयुक्त मानिन्छ । अक्षर, अक्षर, शब्द शब्द तथा पङ्ति पङ्ति विचको अन्तराल वा ठाउँ छोडाइ पनि उपयुक्त नै छ । दाँया वाँया र तल माथिको किनारा छोडाइ पनि उपयुक्त नैछ ।

**घ)** **कागजको गुणस्तर**

पाठ्यपुस्तकमा गुणस्तरीय कागजको प्रयोग हुनुपर्द । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएको कागजमा लेखिएका अक्षर, शब्दहरू एकापट्टी लेख्दा अर्कापट्टी छायाँ नदेखिने हुन्छ । कागजको गुणस्तर राम्रो भयो भने छिट्टै नच्चातिने, नदेव्रिने, नभाँचिने, अक्षरहरू उडेर नजाने हुन्छ । गुणस्तरयुक्त कागजमा लेखिएका विषयवस्तुहरू पढनमा अभिरूचि नै जाग्ने किसिमका हुन्छन् । मा.वि. कक्षा नौं को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकहरूमा प्रयोग गरिएको कागज त्यति गुणस्तरयुक्त देखिदैन । यसमा आवरण पृष्ठमा १५० ग्राम र भित्री पृष्ठहरूमा ५४ ग्रामको कागज प्रयोग गरिएको छ । यी पाठ्यपुस्तकहरूमा प्रयोग गरिएको कागज वाक्लो भएपनि उक्त कागज मसिनो, चिल्लो पर्ने देखिन्छ । गुणस्तरयुक्त कागजको कमीले गर्दा ती पुस्तकमा रहेका चित्र, तस्वीर, नक्सा, अक्षरहरू जति आकर्षक देखिनु पर्दथ्यो त्यति आकर्षक देखिएका छैनन् ।

ङ) **मूल्य निर्धारण**

पाठ्यपुस्तकको मूल्यले ठूलो प्रभाव पार्दछ । हाम्रो जस्तो विपन्न मुलक र कमजोर आर्थिक अवस्था भएका अभिभावकहरूलाई सस्तो मूल्य तिरेर आफ्ना छोरा छोरीहरूलाई पुस्तक किन्नु पर्दा हल्का महसुस हुन जान्छ। कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकहरूका मूल्य भर्नु स्वभाविकै हो । वास्तवमा कक्षा नौं को नेपाली भाषा पाठ्यपुस्तकको मूल्य ४३.७० पैसा निर्धारण गरिएको छ । यो मूल्य नेपालका जनताहरूको स्तर अनुकूल उपयुक्त छ तर कागजको गुणस्तर कामजोर भएका कारण मूल्य सस्तो पर्न गएको अनुमान गर्न सकिन्छ।

च) **छपाइ र बँधाइ**

भाषा पाठ्यपुस्तक छपाई वँधाइका दृष्टिकोणले पनि वलियो हुनु पर्दछ। छपाइका लागि प्रयोग गरिने मसी गाढा वा उडेर नजाने किसिमको हुनु राम्रो मानिन्छ । शीर्षक, उपशीर्षक, पाठ्यवस्तु आदिको अक्षँरको भिन्नतालाई राम्ररी ध्यान पुऱ्याई सोही अनुसार छपाई गर्नु पर्दछन् । सिलाइ वा वधाई पनि वलियो हुनु आवश्यक छ। यस दृष्टिले कक्षा नौं को नेपाली भाषा पाठ्यपुस्तकको वाहिरी आवरण पृष्ठमा मात्र एक भन्दा वढी रङ्गको प्रयोग गरिएपनि अन्य पृष्ठमा कालो रङ्गको मसी मात्र प्रयोग गरिएको छ। शीर्षक, उपशीर्षक, अभ्यासका मूल प्रश्नहरू कठिन शब्दहरू आदि गाढा कालो रङ्को छानिएका छन् । यी दुबै पाठ्यपुस्तकहरू गमले टाँसेर दुई ठाउँमा स्टेप्लर गरी सिलाइतर्फ ध्यान दिइएको छैन । यसले गर्दा पाठ्यपुस्तकहरू कम टिकाउ हुने किसिमका छन्।

छ) **सुलभता**

छापिएका पाठ्यपुस्तकहरू सवै ठाउँमा सहजै प्राप्त हुन पर्दछ । समयमै सवै ठाउँमा पुऱ्याउन नसकिने भएमा शिक्षणमा अप्ठ्यारो पर्दछ । छपाइमा नै ढिला गर्ने अनि वितरणमा नै ढिला सुस्ती गर्ने प्रवृतिले सम्वन्धित पक्षले निकै मार खानु परेको हुन्छ । कक्षा नौं को नेपाली पाठ्यपुस्तक पनि छपाउने जिम्मा पाएको जनकाशिक्षा सामग्री केन्द्र लिमिटेड र वितरणको जिम्मा पाएको साझा प्रकाशनले वेला वेलामा ढिला

सुस्तीका कारणवाट गुनासो झेल्दै पनि आएको छ । छाप्ने र वितरण गर्ने संस्थाले समयमै सवै ठाउँमा सर्वसुलभ तरिकाले वितरण गर्न आवश्यक छ । जिम्मेवार निकायको लापरवाहीको कारण शैक्षिक सत्र सुरू भएको महिनौ सम्म पनि पाठ्यपुस्तक नपाइने समस्या देखिन पनि यो समस्या सहजै निराकरण गर्न सकिन्छ ।

### ४.३.२. कक्षा नौं को नेपाली (२०६४)

माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा नौं को अनिवार्य नेपाली पाठ्यपुस्तकको पुरानो २०६४ अनुसार यसको आवराण पृष्ठको माथिल्लो किनारा नीलो रङ्गको छ । तलको भाग नीलो रङ्गको हिमालको चित्र छ । पाठ्यपुस्तकको पछाडिको आवरण पृष्ठका चारै किनारामा हरियो रङ् र बीचको भागमा सेतो किनारमा पाठ्यक्रम विकासकेन्द्र सानोठिमी भक्तपुरको लोगो छ  भन्ने दायाँपट्टीको किनारामा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुरको लोगो रहेको छ ।

आकारका दृष्टिले हेर्दा पाठ्यपुस्तकको लम्वाइ २४ से.मी. चौडाई १८ से.मी. र मोटाइ ०.९ सेमी रहेको छ । जसमा १७४ पृष्ठ रहेको छ । भित्र सेतो कागजमा कालो मसीले लेखिएको छ । अक्षरको वान्की मिलेकै देखिन्छ । दुबै ठाउँमा स्टेप्लर पिन लगाइक्ष बाहिरवाट आवरण पृष्ठले छोपिएको छ । आवरण पृष्ठमा लेमिनेशन गरिएको छैन । जसले गर्दा च्यातिने र पानीले भिजने डर देखिन्छ । विद्यागत पाठ् सुरू हुनु भन्दा अगाडि नै पाठ, विद्या, पृष्ठसंख्या दिई विषयसूची राखिएको छ । पुस्तकको मूल्य रू. ४७.८० (अक्षरेपी सत्चालिस रूपैया पैसा अस्सी) उपयुक्त नै देखिन्छ ।

## ४.४. सारांश

माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०) २०७१ अनिवार्य नेपाली कक्षा नौं को नयाँ पाठ्यपुस्तक र नेपाली पाठ्यपुस्तक कक्षा नौं (२०६४) का विषयवस्तु विद्यार्थीहरूको क्षमता र स्तरअनुकूल क्षेत्रवाट नै लिइएको पाइन्छ । यी सामग्री विषयगत विविधता साथै विद्यार्थीहरूको सिर्जनशील क्षमतालाई विकास गर्ने खालको देखिएता पनि कक्षा नौं को नेपाली पाठ्यपुस्तकमा १७ वटा पाठ्हरू र नयाँ नेपालीमा १६ वटा पाठ् समावेश गरिएका छन् । कक्षा नौं को २०७१ को पाठ्यक्रम अनुसार कविता विधाको संख्या ३, कथा विद्याको

संख्या ४, जीवनी विधाको संख्या २, निवन्ध विधाको संख्या २, चिठी विधाको संख्या २, रूपक विधाको संख्या २, दैनिकी विधाको संख्या १, कक्षा नौं को पुरानो नेपाली पाठ्यपुस्तक २०६४ का कविता विधा संख्या ३ छन् र यो नीतिप्रधान, सांस्कृतिप्रधान, प्रकृतिप्रधान, समाजप्रधान छन् । कथा विद्यामा ३ छन् र यो लोककथा, ऐतिहासिक कथा, वालमनोवैज्ञानिक कथा छन् ।

निवन्ध विधा संख्या २ छन् जसमा वस्तुपरक र आत्मपरक, सामाजिक, प्राविधिक/व्यवसायिक छन् । चिठी विधा अन्तर्गत २ छन् यो घरायसी, निवेदन, कार्यालयीय, निमन्त्रण, शुभकामना जीवनी विधाको संख्या ४ छन् जुन राष्ट्रिय र अन्तराष्ट्रिय, ऐतिहासिक, प्रेरक व्यक्तित्व, विचारक, अविष्कारक छन् । रूपक विधाको संख्या २ छन् । जसमा वक्तृता, संवाद छन् । दैनिकी विधा अन्तर्गत १ (एक) समावेश गरिएका छन् ।

माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०) २०७१ नयाँ पाठ्यपुस्तक र पुरानो पाठ्यक्रम (२०६४) को पाठ्यपुस्तकले भाषिक, सिप विकास गर्ने लक्ष्य राखेतापनि समग्रमा हेर्दा कक्षा नौं को नेपाली (२०७२) पाठ्यक्रम अनुसार भन्दा पाठ्यक्रम पुरानो (२०६४) को नेपालीमा पाठ्संख्या १७ राखिएको पाठ्अनुसार कविको परिचय, कथाकारको परिचय, विद्या, जीवनी कारको परिचय, आदि उल्लेख भएको तर नयाँ नेपाली, कक्षा नौं मा विद्या कविको परिचय, कथाकारको परिचय जीवनीकारको परिचय आीदको उल्लेख नभएको, यसमा व्याकरण खण्डमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सिर्जनात्मक अभ्यास उचित तरिकाले समावेश गर्न नसकिएकोले जस्तो देखिएको छ । कक्षा नौं का पाठ्मा व्याकरण र शब्दभण्डार जटिल नै देखिएको छ । नमूना अभ्यासमा पनि पाठ्अनुरूप एकरूपताको कमी नै देखिन्छ । भाषिक संरचना १०/१२ खण्डले वनेको वाक्य हुनुपर्ने मान्यता रहेपनि कक्षा नौं मा १-३७ वटा खण्डले वनेका वाक्यहरू पाइन्छ । यो पाठ्यपुस्तकले शिक्षा नियमलाई ओँगट्न सकेको देखिदैन । तसर्थ कक्षा नौं को पुरानो पाठ्यक्रम (२०६४) को नेपाली केही हदमा राम्रो भने मान्न सकिन्छ ।

# अध्याय-पाँच

# सारांश, निष्कर्ष र सुझाव

## ५.१. सारांश

माध्यमिक शिक्षा पाठ्यक्रम (९-१०) २०७१ को नयाँ नेपाली पाठ्यपुस्तक कक्षा नौं को पुरानो नेपाली (२०६४) का विषयवस्तु विद्यार्थीहरूको क्षमता र स्तर अनुकूल क्षेत्रनै लिइएको पाइन्छ । यी सामग्रीहरूमा विषयगत विविधता साथै विद्यार्थीहरूको सिर्जनशील क्षमतालाई विकास गर्ने खालको देखिएता पनि पुरानो नेपालीमा १७ वटा पाठ्हरू समावेश गरिएका छन् । नेपाली पाठ्यपुस्तक २०६४ मा कविता विधा सङ्ख्या ३ समावेश छन् । कविता नीतिप्रधान, समाजप्रधान र प्रकृतिप्रधान छन् । ३ वटा कथा समावेश गरिएको छन् जुन लोककथा ऐतिहासिक कथा र वालमनोवैज्ञानिक कथा समाविष्ट छन् । जीवनी ४ वटा समावेश छन् जुन राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा साहित्यकार, कलाकार समावेश छन् । निवन्ध विधा अन्तर्गत २ वटा समावेश छन् । रूपक विद्याअन्तर्गत कक्षा नौं को नेपाली पाठ्यपुस्तकमा एकाङ्की र वादविवादलाई स्थान दिइएको पाइन्छ । संवाद र वक्तृतालाई पनि समावेश गरिएको छ । घरायसी, कार्यालयीयको साथ साथै निमन्त्रणा, शुभकामनालाई पनि समावेश गरिएको पाइन्छ ।

कक्षा नौं को पुरानो नेपाली २०६४, मा दैनिकीलाई पनि स्थान दिइएको छ । दुबै पाठ्यपुस्तकले भाषिक, सिप विकास गर्ने लक्ष्य राखेतापनि समग्रमा हेर्दा कक्षा नौं को वर्तमान नेपालीमा वढी सृजनशीलता र क्षमतावान वनाउने उद्देश्यले तयार भएको देखिन्छ । नयाँ नेपालीमा पाठ् लगायत व्याकरण र शब्द भण्डार जटिलनै देखिएको छ । नमुना अभ्यासमा पनि पाठ् अनुरूप एकरूपताको कमी नै देखिन्छ । भाषिक संरचनाको हिसावले कक्षा नौं मा १-३२७ वटा शब्दले वनेको वाक्यहरू पाइन्छ । यी पाठ्यपुस्तकले शिक्षा शास्त्रीय नियमलाई ओँगट्न सकेको देखिदैन । तसर्थ कक्षा नौं को पुरानो पाठ्यपुस्तक २०६४ को नेपाली केही हद्सम्म राम्रो भने मान्न सकिन्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम (९,१०) २०७१ पाठ्यक्रम अनुसार नयाँ नेपाली कक्षा नौं मा जम्मा १६ वटा पाठ्हरू राखिएका छन् । जसमा ४ वटा कथा , ३ वटा कविता, २ वटा निबन्ध २ वटा चिठी २ वटा रूपका विधा अन्तर्गत पर्दछन् भने १ वटा  दैनिकी विधा अन्तर्गत मङ्गलका तिन दिन पाठ्लाई समावेश गरिएको छ । कविता छन्दलय, लोकलय,

गीतिलय, छन्दवद्धमा लेखिएका छन् । कथाहरूमा पाठ्यक्रमले निर्देशित गरेका चार क्षेत्रहरू लोककथा, ऐतिहासिक कथा, वालमनोवैज्ञानिक कथा, सामाजिक कथा छन् । कविता विधा अन्तर्गत पाठ् समावेश गरिएका छन् । जसमा नीतिप्रधान, संस्कृतिप्रधान, प्रकृतिप्रधान, समाजप्रधान गरी तिन क्षेत्रमा विभाजन गरिएको छ । जीवनी विधाअन्तर्गत राष्ट्रिय र अन्तराष्ट्रिय दुई क्षेत्रमा समेटिएका छन् । निवन्ध विधा अन्तर्गत सामाजिक र प्राविधिक/व्यवसायिक गरी दुई क्षेत्रहरूमा समावेश गरिएको छ । चिठी विधामा घरायसी र कार्यालयीय गरी दुईवटा क्षेत्रहरूलाई समावेश गरिएको छ । रूपक विधा अन्तर्गत वक्तृता र संवादलाई प्रस्तुत गरिएको छ । त्यसैगरी दैनिकी विद्या अन्तर्गत मङ्गलाका तिन दिन पाठ्लाई समेटिएका छन् ।

यसरी भाषा पाठ्यपुस्तक नयाँ नेपाली (२०७१) र पुरानो नेपाली (२०६४) मा विधागत देखिन्छ । विद्यार्थीको सिर्जनशीलता क्षमतालाई विकास गर्ने खालको विभिन्न क्षेत्रलाई समेटेको देखिन्छ । जुन उपयुक्त दैनिकी नै देखिन्छ ।

## ५.२. निष्कर्ष

माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०) २०७१ ले कक्षा नौं को नयाँ नेपाली भाषा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्धारा निकालिएको छ । जुन कक्षा नौं को लागि अनिवार्य नेपाली पाठ्यपुस्तकको रूपमा लागू गरिएको छ । त्यस्तै कक्षा नौं कै पुरानो नेपाली भाषा पाठ्यक्रमको आधारमा पाठ्यक्रम विकास केन्द्रद्धारा अनिवार्य नेपाली भाषा पाठ्यपुस्तक २०६४ निर्माण गरी लागू गरिएको छ । उपयुक्त दुई वाटा पाठ्य सामग्रीको विश्लेषण पुस्तकालयीय विधिद्धारा गरिएको छ । यस अध्ययनमा पाठ्यपुस्तकको आन्तरिक वाह्य पक्षको पनि तुलना गरिएको छ । तुलना गर्दा छनौट स्तरणलाई पनि आधार वनाइएको छ । यसरी प्रस्तुत माध्यमिक शिक्षा पाठ्यक्रम (९-१०), २०७१ कक्षा नौं को नयाँ अनिवार्य नेपाली पाठ्यपुस्तक र पुरानो अनिवार्य नेपाली पाठ्यपुस्तक (२०६४) को विचमा तुलनात्मक अध्ययन गर्दा प्राप्त हुन आएका निष्कर्षलाई तल प्रस्तुत गरिएको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रमवाट तयार भएका पुरानो अनिवार्य नेपाली (२०६४) कक्षा नौं को पाठ्यपुस्तकमा पाठ्यांशको परिचय दिएको छ ।

क) कक्षा नौं को पुरानो अनिवार्य नेपाली (२०६४) पाठ्यपुस्तक निर्माण गर्दा, पाठ्यक्रमलाई मुख्य आधार वनाइएको पाइन्छ । पाठ्यक्रमको उद्देश्यलाई

परिपूर्ति गर्ने गरी भाषा पाठ्यपुस्तक भित्र विभिन्न विधा र पाठ्को चयन गरिएको छ ।

ख) यि दुबै पाठ्यपुस्तक माध्यमिक शिक्षा पाठ्यक्रम (९-१०), २०७१ कक्षा नौं को नयाँ नेपाली र पुरानो अनिवार्य नेपाली (२०६४) पाठ्यपुस्तकमा भाषिक सिप, सुनाइ, बोलाइ, पढाइ, लेखाइ) सँग सम्वन्धित उद्देश्यहरू राखिएको छन् ।

ग) पाठ्यपुस्तकमा शब्दका अर्थहरू दिइएका छन् । शब्दभण्डार वढाउने प्रवृतिको अभ्यास पनि दिने कोसिस गरिएको छ ।

घ) यी पाठ्यपुस्तकमा भाषात्मक व्याकरणको प्रयोग पक्षलाई पनि ध्यान दिइएको छ ।

ङ) यी पाठ्यपुस्तकमा कथा, कविता, निवन्ध, जीवनी, रूपक, चिठी, दैनिकी, भाषातत्व (व्याकरण) र शब्दभण्डार जस्ता विधा उपविधा एवम् विषयवस्तु पनि समावेश गरिएको छ ।

च) यी दुबै पाठ्यपुस्तकमा विधागत विविधता पाइन्छ ।

छ) दुबै पाठ्यपुस्तकको पाठ्यभार प्रतिवद्धता ५ घण्टी पूर्णांक १०० र वार्षिक १५० घण्टी निर्धारण गरिएको छ ।

ज) विवेचनात्मक र व्याख्यात्मक प्रश्नमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिएको छ ।

झ) वोध अन्तर्गत दृष्टांश अदृष्टांश तथा गंध अनुच्छेदवाट पढनवोध क्षमताको परीक्षण हुने खालका अभ्यास पनि दिइएको छ ।

ञ) यी पाठ्यपुस्तकमा विभिन्न पाठ्हरूको शिक्षणका लागि अनुमानित घण्टी, शिक्षक निर्देशिकामा दिइएको छ ।

ट) भाषा तत्व/व्याकरणका शिक्षणका लागि छुट्टै घण्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ ।

ठ) यी दुबै पाठ्यपुस्तकमा परीक्षण प्रयोजनका लागि ग्रेड तयार गरिएको छ ।

ड) भाषातत्वका अभ्यास प्रत्येक पाठ्मा समावेश गरिएको छन् ।

ढ) तुलनात्मक रूपमा नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्धारण गरेको क्षेत्र भन्दा वाहिर गएको पाइदैन । यसमा पाठ्य सामग्रीलाई सन्तुलित रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

ण) दुबै पाठ्यक्रमलाई विभिन्न विधाका आधार अलग अलग अंक वितरण गरिएको छ ।

त) दुबैमा शिक्षण प्रक्रिया समावेश गरिएको छ ।

थ) पाठ्यपुस्तकमा क्षेत्र र क्रमको स्पष्टीकरण तोकिएको छ ।

द) दुबै पाठ्यपुस्तकमा क्षेत्र र विधाअनुसार अलग अलग अंकभार वितरण गरिएको छ ।

ध) पुरानो पाठ्यपुस्तकमा पाठ् सुरू हुनु भन्दा अगाडी विशेष ज्ञानका लागि थप सामग्री राकिएको छ ।

न) दुबै पाठ्यपुस्तकमा आवश्यकता अनुसार चित्रहरूको प्रयोग गरिएको छ ।

प) लेखाइ सिपको विकास गर्ने स्वतन्त्र किसिमका सिर्जनात्मक अभ्यासहरू राखिएका छन् ।

फ) यी दुबै पुस्तकका पाठ्का अन्त्यमा विभिन्न प्रकारका अभ्यासको प्रयोग प्राय सवै पाठ्मा राखिएका छन् ।

ब) उखानमा टुक्कासगँ सम्बन्धित आवरण पृष्ठको सजावट राम्रो देखिन्छ ।

भ) छपाइ र कागज एवमं प्रयोग भएको मसी स्पष्ट छ ।

म) बँधाइको दृष्टिले दुबै राम्रो देखिन्छ ।

य) दुबै पाठ्यपुस्तकमा विधागत पाठ्यसामग्रीहरू ज्ञानवर्द्धक एवम् रोचकनै छन् । र दुबै पुस्तकमा मुल्य उल्लेख गरिएको छ ।

**दुर्बल पक्षहरू**

दुबै पाठ्यपुस्तकमा कक्षागत उदेश्यहरू उल्लेख गरिएको छैन् ।

क) माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९,१०) २०७१ को नयाँ अनिवार्य नेपाली र पुरानो अनिवार्य पाठ्यपुस्तक (२०६४) मा नयाँ थप शब्दको ज्ञान गराउने किसिमका शब्दको प्रयोग गराउने अभ्यास राखिएको छैनन् ।

ख) नयाँ नेपाली अनिवार्य (२०७१) र पुरानो अनिवार्य नेपाली (२०६४) पाठ्यपुस्तकमा विधाको अन्तर्गत व्यापकता कमी देखिन्छ ।

ग) माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९,१०) २०७१ कक्षा को अनिवार्य नेपाली पाठ्यपुस्तकमा विधा दिइएको छैन् ।

घ) नयाँ कक्षा नौं को अनिवार्य नेपाली पाठ्यपुस्तकमा पाठ्संख्या पुरानो अनिवार्य नेपाली भन्दा कम देखिन्छ । जसले गर्दा स्तर र क्षमता भन्दा बढी नै पाठ्हरू समावेशी भएकाले उद्देश्य पुरामा कठिनाइ हुन सके देखिन्छ । यी दुबै सामग्रीमा वाक्यमा शव्द संख्या दुई देखि माथि गएपनि तहगतरूपमा थोरै र धेरै बनाउनु पर्ने वाक्यमा पाठ्यक्रम अनुकुलताका हिसाबले उपयुक्त देखिदैन ।

ङ) भाषिक प्रस्तुति एवं शैलीका दृष्टिले कक्षा नौं को पुरानो अनिवार्य नेपाली ( २०६४) पाठ्यपुस्क नयाँ नेपाली अनिवार्य २०७१ भन्दा सरल र सहज देखिन्छन् ।

च) नयाँ नेपाली अनिवार्य (२०७१) कक्षा नौं को भन्दा पुरानो नेपाली अनिवार्य (२०६४) पाठ्यपुस्तकमा शब्दार्थको संख्या वढी दिइएको पाइन्छन् ।

छ) दुबै पठा्यक्रममा निरन्तर मूल्याङ्कनका सन्दर्भमा केही उल्लेख भएको छैन

ज) पुरानो अनिवार्य नेपाली (२०६४) भन्दा नयाँ अनिवार्य नेपाली कक्षा नौं का पाठ्यपुस्तकको आवरण पृष्ठ लेमिनेसन नगरीएको हुँदा पाठ्यपुस्तक हेर्नमा स्तरहीन देखिन्छ ।

झ) बँधाइमा धागोका प्रयोग नगरी स्टेप्लर पिन लगाएर आवरण पृष्ठले छोपिएकाले पाना खुस्कने सम्भावना देखिन्छ ।

## ५.३. सुझाव

माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०) २०७१ कक्षा नौं को नेपाली पाठ्यपुस्तक र पुरानो नेपाली कक्षा नौं को (२०६४) को विचमा तुलनात्मक अध्ययनको विश्लेषणवाट प्राप्त निष्कर्षको आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएका छन् ।

क) विषयवस्तु संयोजनका दृष्टिले पाठ्यपुस्तकलाई अझ सान्दर्भिक वनाउनको लागि समयानुकूलको विषयवस्तुमा जोडदिनु पर्ने आवश्यक देखिन्छ ।

ख) पाठ्यक्रममा पाठ्यांश परिचय समावेश भएको हुनुपर्छ ।

ग) पाठ्यपुस्तकमा भएका पौराणिक र ऐतिहासिक विषयवस्तुको मात्रा घटाई स्तरअनुकूलको वोध र अभिव्यक्ति एवम् सिर्जनात्मक क्षमताको विकास गराउनु पर्ने किसिमको पाठ्यपुस्तक निर्माण गर्नु वाञ्चछनीय देखिन्छ ।

घ) पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार गर्दा छनौट र स्तरणको नियमलाई ध्यान दिनुपर्ने देखिन्छ ।

ङ) पाठ्यपुस्तकमा व्याकरणमा सैद्धान्तिक ज्ञानमा जोड नदिई भाषा पाठ्यपुस्तककै अभ्यासवाट धारणात्मक सुझावको विकास हुने प्रकृतिको, अभ्यास राखी, भाषिक सिप विकास तथा वोध अभिव्यक्ति सिप विकास हुने विषयवस्तु समावेश गरिनुपर्दछ ।

च) पाठ्यपुस्तक निर्माण गर्दा शिक्षा शास्त्रीय नियमलाई ध्यान दिइनुपर्ने देखिन्छ

छ) स्तरअनुकूलको शब्द र वाक्य गठन प्रयोग गरिएको हुनुपर्दछ ।

ज) नेपाली भाषाको पाठ्यभारलाई वढाई प्रतिहप्ता ६ घण्टी राखिनु पर्दछ ।

झ) विद्याको क्षेत्रगत अङ्क विभाजनमा एकरूपता हुनुपर्दछ ।

ञ) पाठ्यक्रममा शिक्षण सामग्रीको समावेश गरिनु पर्दछ ।

ट) माध्यमिक शिक्षा पाठ्यक्रम (९-१०) २०७१ कक्षा नौं को अनिवार्य नेपाली पाठ्यपुस्तकमा स्पष्ट विधा र विधा सङ्ख्या तोक्नु पर्ने देखिन्छ ।

ठ) माध्यमिक शिक्षा पाठ्यक्रम (९-१०) २०७१ कक्षा नौं को शिक्षणका लागि शिक्षक निर्देशिका, पाठ्यक्रम निर्देशिका, परीक्षा निर्देशिका, तयार पारी पाठ्यक्रमलाई कार्यान्वयन गराउन उपयोगी निर्देशन समेत समावेश गरिएको हुनुपर्दछ ।

ड) प्रत्येक पाठ्का लागि उपयोगी र आवश्यक सामग्रीहरू विभिन्न शिक्षण विधिको साथै शिक्षण प्रक्रिया पनि उल्लेख गरिनु पर्दछ ।

ढ) यी दुबै पाठ्यपुस्तकलाई पाठ्यक्रम अनुरूपता वनाउन अझ बढी नयाँ शब्द र भाषिक सिपलाई जोड दिने अभ्यासहरू समावेश गरिनु पर्दछ ।

ण) पाठ्यक्रममा भाषिक सिपको मूल्याङ्कन कसरी गर्ने भन्ने सन्दर्भमा पनि स्पष्ट उल्लेख गरिनु पर्दछ ।

त) मूल्याङ्कनको लागि यथोचित अङ्कभारको व्याख्या गरिनुपर्दछ ।

थ) भाषा पाठ्यक्रममा मूल्याङ्कनका साधन उल्लेख गरी समावेश गरिनु पर्दछ ।

द) निरन्तर मूल्याङ्कनको व्याख्या गरिनु पर्दछ ।

ध) शब्दकोशको प्रयोग गर्ने अभ्यास राखिनु पर्दछ ।

न) पाठ्मा प्रयोग भएका चित्रहरू स्पष्ट दृष्य र पठनलाई चित्रण गर्ने सम्भव भएसम्म र रङ्गिन चित्रहरू प्रयोग गरिएको हुनुपर्दछ ।

प) भाषा पाठ्यक्रमलाई प्रभावकारी बनाउन सम्वन्धित व्यक्तिहरूलाई विशेष तालिम दिइनु पर्दछ ।

फ) भाषा पाठ्यवस्तु र सामग्रीहरू रोचक, ज्ञानवर्द्धक र क्रियाकलपमूखी सवै वर्गसमुदायको मार्मिकता झल्काउने बालमनोविज्ञानमा आधारित हुनु पर्दछ ।

ब) विभिन्न किसिमका विकृति र विसंगति हटाई नयाँ जागृति ल्याउने विषयवस्तु समावेश गरिनु पर्दछ ।

भ) पाठ्यपुस्तकहरूको आवरण पृष्ठमा थप आकर्षक बनाउनु पर्ने देखिन्छ । आवरण पृष्ठलाई लेमिनेशन गरी बलियो वनाई भित्री कागज स्तरीय वाक्लो प्रयोग गरिनु पर्ने देखिन्छ ।

म) पाठ्यपुस्तकको मूलयमा केही कम गरिएमा सर्वसाधारणको पहुँचमा रहने देखिन्छ ।

## ५.४. उपयोगिता

यसको उपयोग कक्षा नौं को नयाँ नेपाली र पुरानो नेपाली विचको तुलनात्मक अध्ययन गर्नुको मुख्य औचित्य के हो भन्ने यसमा भएका व्याकरणिक, भाषिक, संरचनागत, त्रुटि पहिल्याउनको लागि यसको उपयोगिता हुनेछ ।

### ५.४.१. नीतिगत तहमा

- भावी शोधपत्र/अध्ययनकर्ताका लागि उपयोगी सिद्ध हुनेछ ।
- यो शोधपत्रवाट पाठ्यपुस्तकमा भएको कमी कमजोरीको सुधारतर्फ गई यसमा फेरवदल/पुनः संस्करण गर्नमा सहयोग पुग्नेछ ।

### ५.४.२. व्यवहारिक तहमा

- यस अनुसन्धानबाट शिक्षण सिकाइलाई कक्षाकोठामा प्रभावित गरिनेछ ।
- विद्यार्थीहरूको लागि पठन पाठनमा सहीमार्ग निर्देशन गरिनेछ ।

- पाठ्यक्रमको उद्देश्य पूरा गराउन र शिक्षकलाई सिकाइमा सहयोग गर्न टेवा पुऱ्याउनेछ ।

### ५.४.३. भावी अनुसन्धानका क्षेत्र

- कक्षा एक को मेरो नेपाली भाषा पाठ्यपुस्तक र सुनौलो नेपाली भाषा पाठ्यपुस्तक बीचको तुलनात्मक अध्ययन ।
- कक्षा तीन को मेरो नेपाली भाषा पाठ्यपुस्तक र सुनौलो नेपाली भाषा पाठ्यपुस्तक बीचको तुलनात्मक अध्ययन ।
- कक्षा छ को मेरो नेपाली भाषा पाठ्यपुस्तक र सुनौलो नेपाली भाषा पाठ्यपुस्तक बीचको तुलनात्मक अध्ययन ।

(स्रोत : यादव, संजय : कक्षा छ को मेरो नेपाली र सजिलो नेपाली बीचको तुलनात्मक अध्ययन) ।